मजदुर
The Worker Daily दैनिक
○ ग्राहक बन्नु परेमा
○ नवीकरण गर्नु परेमा
○ पत्रिका नियमित नआएमा
○ वितरकहरुसँग नगदी रसिद
बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६  भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



वर्ष : २६ ★ अङ्क : १०८ ★ ने. सं. ११४४ वछला थ्व, द्वितीया/तृतीया ★ शुक्रबार ★ २८ वैशाख, २०८१ ★ May 10, 2024, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८




रुसको राजधानी मस्कोस्थित रेड स्क्वायरमा सोभियत रूसले दोस्रो विश्वयुद्धमा नाजी जर्मनीमाथिको विजयको ७९ औं वार्षिकोत्सव मनाउन आयोजित विजय दिवस परेडमा रुस निर्मित अत्याधुनिक एस-४०० क्षेप्यास्त्र प्रतिरक्षा प्रणालीहरूको लहर प्रदर्शन हुँदै मे ९, २०२४ बिहीबारका दिन । सोभियत सङ्घ रहँदाको उक्त राष्ट्रिय दिवसलाई वर्तमान रुसी महासङ्घ र विभिन्न पूर्व सोभियत गणराज्यहरूले निरन्तरता दिँदै आएका छन् ।

*तस्बिर: नतालिया कोलेस्निकोवा/एएफपी*

# जतातत्तै बेथिति !

काठमाडौँ, २७ वैशाख । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ २०७३ सालमा प्राधिकरणको प्रबन्ध निर्देशकमा नियुक्त भएका थिए । अहिले घिसिङविरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अर्बौं रूपैयाँभन्दा बढी सम्पत्ति कुम्ल्याएकोमा छानबिन थालेको समाचार छ । माओवादी सरकारको बेला प्राधिकरणको कार्यकारी निर्देशक भएका घिसिङले भारतबाट बिजुली महँगोमा किनेर नेपालमा लोडसेडिङ अन्त्य गरेका थिए । विद्युत् लोडसेडिङको बेला ५०-६० ओटा ठुला उद्योगीलाई डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनमार्फत बिजुली दिएका घिसिङले झन्डै २३ अर्ब रूपैयाँ महसुल ती उद्योगीसँग उठाएनन् । जनताको विरोधपछि महसुल विवादबारे जाँचबुझ आयोग गठन भयो । तर, घिसिङले आयोगलाई टीओडी वितरण उपलब्ध नगराइएको अर्को समाचार प्रकाशित भयो । घिसिङको शङ्कास्पद कामबारे थाहा पाएका सांसदहरूले संसद्को उनको बर्खास्तीको आवाज उठाएका थिए । तर, माओवादी सरकारले उनको संरक्षण गर्दै छ ।

सरकारले देशभरि ६६० भन्सार एजेन्ट नियुक्ति गरेको समाचार छ । तर, कतिपय भन्सार एजेन्टले भारतीयलाई सफ्टवेयर सञ्चालन अधिकार बिक्री गरेर दिनको लाखौँ राजस्व छलीमा संलग्न भएको समाचार छ । कानुनमा भन्सार एजेन्ट स्वयम् उपस्थिति भएर सामान घोषणा गराउनुपर्ने व्यवस्था भएपछि कर्मचारीको मिलेमतोमा कार्यान्वयन नभएको पनि भुक्तभोगीहरू बताउँछन् । राजस्व छली रोक्न भन्सार एजेन्ट स्वरूप उपस्थित हुनुपर्ने र एउटा एजेन्ट घोषणा गर्न पाउने सामानको कोटा निर्धारण गर्नुपर्ने बताउनेहरू पनि छन् ।

गैरआवासीय नेपाली सङ्घका पदाधिकारीहरू नै नेपाली महिलालाई घरेलु कामदारको रूपमा गैरकानुनी बाटोबाट विदेश पठाउनेमा संलग्न भएको समाचार छ । गैरआवासीय नेपाली सङ्घ पनि नेका, एमाले र माओवादीको भ्रातृ सङ्गठनजस्तै छन् । आफ्नो भ्रातृ सङ्गठनको रूपमा रहेको गैरआवासी नेपाली सङ्घको चेलीबेटी बेचबिखन कार्यमा नेका, एमाले र माओवादी पनि जिम्मेवार हुँदैनन र ? पछिल्लो समय गैरकानुनी बाटो भएर घरेलु कामदारको रूपमा खाडी मुलुक लाने गिरोह सक्रिय

***बाँकी पृष्ठ ८ मा***


## मुखको स्वास्थ्यमा ध्यान दिऔं

दाँत तथा मुखको रोगले मानव स्वास्थ्यमा गम्भीर असर पार्ने हुँदाः

- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाईसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा  मद्यपान सेवन नगरौं,

नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# विद्यालयहरूको विकास नै देशको विकास हो



भक्तपुर, २७ वैशाख । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले समाजलाई बुद्धिजीवीकरण गरी सभ्य र सुसंस्कृत समाज निर्माण गर्न भक्तपुर नगरपालिकाले गरिब विद्यार्थीहरूलाई शैक्षिक ऋण र छात्रवृत्ति उपलब्ध गराई उच्च शिक्षा प्रदान गर्ने नीतिअनुरूप अगाडि बढिरहेको छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा भएको सामुदायिक विद्यालयका प्रधानाध्यापक र प्रिन्सिपलहरूको भेलामा उहाँले नगरभित्रका विद्यालयहरू भक्तपुर नगरपालिकाको नीतिअनुसार अगाडि बढ्नुपर्ने र कमजोर विद्यालयको शैक्षिक स्तर माथि उकास्न थप मेहनतका साथ काम गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले विद्यालयका प्रतिनिधिहरू समावेश गरी भक्तपुर नपाले शैक्षिक भित्तेपात्रो निर्माण कार्य सम्पन्न गरिसकेको बताउँदै नपाद्वारा प्रकाशित भित्तेपात्रोअनुसार विद्यालयले आफ्ना शैक्षिक क्रियाकलापहरूलाई अगाडि बढाउनुपर्ने बताउनुभयो ।

बाहिर जिल्लाबाट अध्ययन अध्यापनका लागि आएका शिक्षक र विद्यार्थीमाझ भक्तपुरबारे सकारात्मक सन्देश प्रवाह गर्नु हाम्रो कर्तव्य भएको बताउँदै विद्यालयको विकास देशको विकास हो भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले भक्तपुरका विद्यालय सञ्चालनको आफ्नै इतिहास भएको बताउँदै शिक्षकहरूले जागिर खाने मानसिकताले भन्दा विद्यार्थीको भविष्य बनाउने उद्देश्यले काम गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नगर शिक्षा शाखा भक्तपुरका शाखा अधिकृत साधुराम फुँयालले शाखाको वार्षिक योजनाबारे अवगत गराउनुभयो ।

उक्त कार्यक्रममा संयुक्त परीक्षा समितिका संयोजक रोशनराज तुईतुई र आधारभूत विद्यालय समितिका अध्यक्ष दीपक माकले नगर शिक्षा ऐन, शैक्षिक पात्रो, बिदा कटौती, पाठ योजना, मूल्याङ्कन प्रणाली, शिक्षक सरुवा, स्थानीय पाठ्यक्रम आदिबारे आफ्ना जिज्ञासाहरू राख्नुभएको थियो ।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

## धानको बीउ तथा कम्पोस्ट मल वितरणसम्बन्धी सूचना

यस भक्तपुर नगरका कृषकहरूलाई ताईचिन धानको बीउ प्रतिकिलो रु. ११०।– को ५० प्रतिशत रकम सहुलियत दरमा वितरण गर्ने तथा भक्तपुर नगरपालिकाबाट उत्पादन गरिएको कम्पोस्ट मल २०८१ असार मसान्तसम्मको लागि २० किलो प्रतिबोराको रु. २००।– (दुई सय) मा वितरण गर्ने भएकोले मिति २०८१ वैशाख २८ गतेदेखि सम्बन्धित वडामा सम्पर्क गर्नुहुन सम्बन्धित सबै कृषकहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै सम्बन्धित कृषकहरूले जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपि र नागरिकताको प्रतिलिपि लिएर जानुहुनसमेत अनुरोध गरिन्छ ।

# वडा नं. ६ मा हाडजोर्नी तथा दन्त शिविर



भक्तपुर, २७ वैशाख । भनपा वडा नं. ६ को आयोजनामा ख्वप अस्पतालको प्राविधिक सहयोगमा हाडजोर्नी तथा दन्त शिविर कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गरिबीका कारण न्यूनतम स्वास्थ्य उपचारबाट वञ्चित नहोस् भन्ने हेतुले भक्तपुर नपाले विभिन्न रोगको स्वास्थ्य शिविर सञ्चालन र व्यायामशालाको व्यवस्था गरेको चर्चा गर्नुभयो । ख्वप अस्पताललाई क्रमश: व्यवस्थितरूपमा अगाडि बढाउँदै लगिने विश्वास व्यक्त गर्दै उहाँले स्थानीयवासीहरूलाई काम र मामको व्यवस्था होस् भनी स्थानीय उपभोक्ता समितिमार्फत पारदर्शीरूपमा दिगोपन हुने गरी विकास निर्माण कार्य गरिरहेको चर्चा गर्नुभयो ।

शिक्षा तथा स्वास्थ्यका साथै भौतिक पूर्वाधारसहितको आवास योजना अत्यावश्यक रहेको मध्यनजर गर्दै उहाँले कमलविनायक, लिबाली, चोखा दुगुरे तुमचो जग्गा एकीकरण आयोजनाको साथै हाल देको मिवा इतापाके जग्गा एकीकरण आयोजना सञ्चालन भइरहेको बताउनुभयो । उहाँले कसैलाई अन्याय भएको देखिएमा गुनासो समितिबाट समस्या समाधान गर्न सकिने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले स्वास्थ्य परीक्षणले थोरै भए पनि स्वास्थ्य लाभ हुने आशा व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यपालिका सदस्य रोशनमैँया सुवालले खाद्यान्न, फलफुल र तरकारीमा मिसावत र विषादी प्रयोगले प्राणघातक रोग निम्तिरहेको चर्चा गर्दै शिक्षा र स्वास्थ्यमा भक्तपुर नगरपालिकाले उल्लेख्य काम गरिरहेको चर्चा गर्नुभयो ।

वडा सदस्य सिद्धिराम अवालले भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरूले देशभरका विद्यार्थीहरूलाई सर्वसुलभरूपमा अध्ययन गराइरहेको बताउनुभयो ।

कार्यक्रममा स्थानीय गोपीकृष्ण चाँगुभारी र स्वयम्‌सेविका मञ्जु कुम्पाखले पनि बोल्नुभएको थियो ।

# बोका बजार अनुगमन



भक्तपुर, २७ वैशाख । भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा बिहीबार भेलुखेलको बोका बजारमा अनुगमन गरियो ।

अनुगमनको क्रममा बिक्रीका लागि राखिराखेका बोकाहरू, रामेछापको सुनापति, खाँडादेवी, डोरम्बा र बेथान गाउँपालिका तथा हेटौँडाको चिल्लाङको ल्याइएको र उक्त बोकाहरू क्वारेन्टाइन जाँचबिना ल्याइएको पाइयो । केही बोका सप्लायर्सहरूले व्यवसाय नवीकरण नगरेकोले नवीकरण गर्न बाँकी सप्लायर्सहरूलाई नवीकरणको लागि अनुगमन टोलीले ताकेता गरेको छ । टोलीले बोका बिक्री गरेबापत नगरपालिकालाई बुझाउनु पर्ने कर बुझाउन बोका बिक्रेताहरूलाई निर्देशन गरेको छ ।

अनुगमन समितिमा भनपा, जिल्ला प्रशासन कार्यालय, महानगरीय प्रहरी परिसर, राष्ट्रिय उपभोक्ता मञ्च, उद्योग वाणिज्य सङ्घ र पशु सेवा कार्यालय भक्तपुरका प्रतिनिधिहरूको सहभागिता थियो ।

# वायु प्रदूषणको कारण सर्वसाधारणमा देखिन थाल्यो श्वासप्रश्वास र आँखाको समस्या

**रेश्मा श्रेष्ठ**

भक्तपुर, २७ वैशाख । केही हप्तायता वायु प्रदूषण बढेको छ । भक्तपुर, काठमाडौँ, ललितपुरलगायत काठमाडौँ उपत्यकाभरि धुवाँ धुलो त पहिल्यैदेखि थियो । देशभर डढेलो लाग्दा, हावा चल्दा र पानी नपर्दा वायुमण्डलमा अत्यधिक धुवाँ धुलोले सास फेर्न समस्या भएको छ ।

खरिपाटीस्थित उपोस फार्मेसिका डा. उपोसबहादुर शाहीका अनुसार यस्तो समस्या लिएर धेरै बिरामीहरू आएका छन् । यस्ता समस्याहरू पहिलेको भन्दा बढी देखिएको छ । उहाँले वायु प्रदूषण रोकथाम गर्नुपर्ने आवश्यकता औँल्याउँदै समयमा प्रदूषण रोकथाम गरिएन भने रोगको महामारी नै फैलिने सम्भावना बढ्ने कुरा राख्नुभयो । कुनै कामको सिलसिलामा घरबाट बाहिर जाँदा चस्मा र मास्कको प्रयोग गर्न डा. शाहीले सुझाव दिनुभयो ।

चाँगुनारायण नपा ७ का मेनुका बास्तोलाका अनुसार हिजोआज बिनाचस्मा बिनामास्क घरबाट बाहिर निस्किन गाह्रो छ । बिनाचस्मा बाहिर हिँडडुल गर्दा आँखा पोल्ने, आँखा रसाउनेजस्ता समस्या धेरै जनामा देखा परेको छ ।

दुई हप्तायता धेरै मानिस आँखा पोल्ने, घाँटी खस्खसाउने, टाउको दुख्ने र रुघाखोकीको लक्षण लिएर अस्पताल पुगिरहेका छन् । धुँवा धुलोको कारण कतिपय दीर्घरोगी त आईसीयूमै राखेर उपचार गर्नुपर्ने अवस्थामा पुगेको चिकित्सकहरू बताउँछन् ।

पछिल्ला दिनहरूमा मानिसहरूलाई श्वासप्रश्वाससँग सम्बन्धित बिरामी बढिरहेका छन् । तीमध्ये आधाभन्दा बढी वायु प्रदूषणबाट निम्तिएको समस्याले गर्दा अस्पताल पुगिरहेका छन् ।

# आगलागी पीडित सिकर्मीलाई सहयोग प्रदान

भक्तपुर, २७ वैशाख । भक्तपुर सिकर्मी सङ्घका सदस्य आगलागी पीडित प्रदिप गलुलाई सङ्घले हाललाई काम गर्ने वातावरण मिलाउन आवश्यक मेसिनरी सामान सहयोग गरेको छ ।

सहयोग प्रदान गरिएको सो कार्यक्रममा सङ्घका अध्यक्ष बिक्रम ढुकुछुले सङ्घका सदस्यहरूलाई सङ्कटमा आवश्यक सहयोग गर्दै आइरहेको उल्लेख गर्नुभयो ।

विश्वमा ठूलठूला आन्दोलनबाटै आमूल परिवर्तन भइरहेको उल्लेख गर्दै उहाँले कामदारवर्गका जनता एकत्रित हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सरकारले लागु गरेको अव्यवहारिक कर नीति, भ्याट, उत्पादित फर्निचरका सामान एक ठाउँबाट अर्को ठाउँमा ढुवानी गर्दा लोड, अनलोड, ढालाबाट बाहिर आएको भन्दै प्रहरी प्रशासनले दु:ख दिइरहेको तर्फ सङ्घले सम्बन्धित निकायको खबरदारी गरिरहेको बताउनुभयो ।

उहाँले सिकर्मी सदस्यहरूमा देखिएको स्वास्थ्य समस्या, सामानको पैसा लिन नसक्ने समस्या, आगलागी समस्या समाधानमा सङ्घले सहयोग गर्दै आएको बताउनुभयो ।

# फोहोरमैला सङ्कलनले वातावरण स्वच्छ

**रीता श्रेष्ठ**

भक्तपुर, २७ वैशाख । चाँगुनारायण नगरपालिका ताथलीमा अहिले फोहोर व्यवस्थापन गर्नको लागि नगरपालिकाले 'नेपाल स्वच्छ वातावरण सृजना केन्द्र' अर्थात् घरदैलो फोहोरमैला सङ्कलन तथा व्यवस्थापनमा संलग्न भएर स्थानीय क्षेत्रको फोहोरमैलाको व्यवस्थापन गरिरहेको छ । आफ्नो घरबाट निस्केको फोहोरमैला हप्तामा २ पटक फोहोरको गाडी आएर लैजाने हुँदा स्थानीयहरू खुसी देखिन्छन् । जथाभावी फोहोर नफाल्ने हुनाले ठाउँ पनि स्वच्छ र सुन्दर भएको देखिन्छ ।

नेपाल स्वच्छ वातावरण सृजना केन्द्रले स्थानीयको घरघरमा महिनामा २०० देखि ३०० सम्म रकम फोहोर लगेबापत उठाउने गरेको छ । महिनामा २००, ३०० तिर्न परे तापनि आफ्नो घरको फोहोर कहाँ लैजाने, कता लगेर फ्याल्ने होला भन्ने समस्या वा चिन्ताबाट मुक्त भएको कुरा स्थानीय निर्मला श्रेष्ठले बताएकी छिन् । ताथलीका अधिकांशले महिनैपिच्छे पैसा तिरेर फोहोर व्यवस्थापन गरिरहेका छन् । यसरी फोहोरमैला व्यवस्थापन गर्दा आफ्नो वरिपरि समाजको वातावरण स्वच्छ र सुन्दर भएको स्थानीय कमला खड्काले व्यक्त गरेकी छिन् । फोहोर व्यवस्थापन नहुँदा बाटोको साथसाथै खोलानालामा पनि फोहोर फ्यालेर अत्यन्त दुर्गन्धित थियो तर अहिले खोला सफा भएकोले वातावरण अझ राम्रो भएको स्थानीय श्रीराम खड्काले बताएका छन् ।

*प्रशिक्षार्थी*

# वैदेशिक रोजगारमा विभिन्न देश पठाइदिने भन्दै ठगी गर्ने दुई जना पक्राउ

काठमाडौँ, २७ वैशाख । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभन देखाई विभिन्न देश पठाइदिन्छु भनी ठगी गरेको अभियोगमा प्रहरीले दुई जनालाई पक्राउ गरी बिहीबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा गोरखा गण्डकी गाउँपालिका-२ बस्ने ३८ वर्षीय वकिलबहादुर आले र तनहुँ ऋषिङ गाउँपालिका-८ घर भई काठमाडौँ महानगरपालिका-२६ गोङ्गबु बस्ने ३४ वर्षीय धर्मेन्द्र श्रेष्ठ रहेका उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिनुभयो ।

उहाँका अनुसार पक्राउमध्ये वकिलबहादुर आलेले क्यानडा पठाइ दिने भन्दै छ जना पीडितहरू रु. ३६ लाख तथा धर्मेन्द्रले युके पठाइदिने भन्दै दुई जना पीडितहरूबाट रु. नौ लाख ५० हजार ठगी गरेको खुल्न आएको छ ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले वकिलबहादुरलाई जिल्ला प्रहरी कार्यालय गोरखाको समन्वयमा गोरखा गाउँपालिका-६ बाट र धर्मेन्द्रलाई काठमाडौँ गोङगबुबाट पक्राउ गरेको प्रवक्ता रेग्मीले बताउनुभयो ।

पक्राउ परेकाहरूलाई थप अनुसन्धान तथा कारवाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौँ पठाइएको उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

*रासस*

# सडक ढलानमा भ्रष्टाचार, नगर प्रमुखलगायत विरुद्ध मुद्दा दायर

काठमाडौँ, २७ वैशाख । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले महोत्तरीको जलेश्वर नगरपालिकाको हाटबजार क्षेत्रमा भइरहेको ढलानमा गुणस्तरहीन काम गरी भ्रष्टाचार गरेको अभियोगमा नगर प्रमुख सुरेश साह सोनारलगायतका व्यक्तिहरूविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

जलेश्वर नगरपालिकाबाट आर्थिक वर्ष २०७९/८० मा सञ्चालित योजनामा वास्तविक भए गरेको कामभन्दा बढी कार्य गरेको भनी नक्कली विवरण खडा गरेर भ्रष्टाचार गरेको पाइएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिनुभयो ।

आयोगले नगर प्रमुख सोनारविरुद्ध रु. पाँच लाख ८४ हजार बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरेको छ ।

आयोगले जलेश्वर नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत मित्रलाल ढकाल र अधिकृत धीरेन्द्र झाविरुद्ध पनि समान बिगो माग दावी गरेको छ । नगरपालिकाका वरिष्ठ इन्जिनियर पवनकुमार झा, इन्जिनियर राकेशकुमार चौधरी र सबइन्जिनियर दिपेशकुमार साहविरुद्ध पनि समान बिगो माग दाबी गरिएको छ ।

आयोगले नगरपालिकाका उपप्रमुख रौशन खातुन, सदस्य सोगरा खातुन, जलेश्वर नगरपालिका-१ का वडाध्यक्ष अनिलकुमार झा, उपभोक्ता समितिका अध्यक्ष राकेशकुमार साह, सचिव सिकेन्द्र चौधरी र कोषाध्यक्ष सन्तोषी देवीविरुद्ध पनि समान बिगो बराबरको माग दावी गरिएको छ । आयोगले कसुरअनुसार, कारबाहीको माग दावी गर्दै बिहीबार मुद्दा दर्ता गरेको प्रवक्ता घिमिरेले जानकारी दिनुभयो । *रासस*

# बाल सङ्गठनका पूर्वपदाधिकारीलगायत २० जना विरुद्ध पक्राउ पुर्जी जारी

काठमाडौँ, २७ वैशाख । काठमाडौँको नक्सालस्थित बाल मन्दिरको जग्गा हिनामिना प्रकरणमा बाल सङ्गठनका पूर्वपदाधिकारीलगायत २० जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ ।

सङ्गठनका पूर्वपदाधिकारीदेखि सो जग्गामा व्यापारिक गतिविधि सञ्चालन गर्ने घरानाका सदस्यसमेतका नाममा जिल्ला अदालत काठमाडौँबाट पक्राउ पुर्जी जारी भएको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का प्रवक्ता एवं प्रहरी उपरीक्षक होविन्द्र बोगटीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "बाल मन्दिरको जग्गा हिनामिना प्रकरणमा अदालतबाट हामीलाई पक्राउ गर्न अनुमति प्राप्त भएको छ, पक्राउ गरेर आवश्यक अनुसन्धान सुरु गर्छौं ।" अदालतले २० जनाविरुद्ध पक्राउ अनुमति दिएको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले जनाएको छ ।

सीआईबीमा बिहीबार बाल सङ्गठनको जग्गा विवादमा संलग्न व्यक्तिहरूविरुद्ध जाहेरी परेको प्रवक्ता बोगटीले बताउनुभयो । नेपाल बाल सङ्गठनलाई हानिनोक्सानी पुऱ्याउने उद्देश्यले वि.सं. २०४९ सालदेखि विसं २०७२ सालसम्म पटक-पटक न्यून रकममा सम्झौता गरेको तथा आगामी २०८९ सालमा सकिने सम्झौता पनि बदनियतरूपमा म्याद समाप्त नभई नवीकरण गरेको भन्ने आरोप लागेको छ ।

नक्सालमा रहेको करिब २८ रोपनी पाँच आना एक पैसा जग्गा वार्षिक रु. एक करोड नौ लाख तिर्ने गरी (पछिल्लो सम्झौताअनुसार) लिजमा दिइएको बताइएको छ । आन्तरिक र पुराना प्रतिवेदनमा बालमन्दिरको जग्गा हिनामिना भएको देखिएपछि अनुसन्धानका लागि भन्दै बिहीबार नेपाल बाल सङ्गठनले केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) जाहेरी दिएको बताइएको छ । *रासस*

सङ्क्षिप्त समाचार

## प्रदेश प्रमुख खापुङद्वारा कोसीमा सरकार गठनको आह्वान

मोरङ, २७ वैशाख । कोशी प्रदेश प्रमुख पर्शुराम खापुङले नयाँ सरकार गठनको आह्वान गर्नुभएको छ । नेपालको संविधानको धारा १६८ को उपधारा (५) अनुसार बुधबार राति उहाँले नयाँ सरकार गठनको आह्वान गर्नुभएको हो ।

प्रदेश प्रमुखको कार्यालयबाट बुधबार राति जारी विज्ञप्तिमा नयाँ सरकार गठनका लागि यही वैशाख २८ शुक्रबार अपराह्न ५ बजेसम्मको समय दिइएको छ ।

"संविधानबमोजिम कोशी प्रदेशको मुख्यमन्त्री नियुक्त गरी प्रदेश सरकार गठन गर्नका लागि कोशी प्रदेशसभामा विश्वासको मत प्राप्त गर्न सक्ने कोशी प्रदेशसभाका कुनै सदस्यलाई मिति २०८१ साल वैशाख २८ गते शुक्रबार अपराह्न ५ बजेभित्र आफ्नो दाबी पेस गर्न प्रदेश प्रमुखले आह्वान गर्नुभएको छ ।" प्रदेश प्रमुखको कार्यालयका सूचना अधिकारी रामकुमार श्रेष्ठले जारी गरिएको प्रेस विज्ञप्तिमा भनिएको छ । रासस

## कार्की पुन: कोशी प्रदेशको मुख्यमन्त्री

काठमाडौँ, २७ वैशाख (रासस) । नेकपा (एमाले) का नेता हिक्मतकुमार कार्की सात महिनापछि पुन: कोशी प्रदेशको मुख्यमन्त्री भएका छन् । प्रदेश प्रमुख परशुराम खापुङले कार्कीलाई संविधानको धारा १६८ को उपधारा ५ बमोजिम बिहीबार मुख्यमन्त्री पदमा नियुक्त गरेका हुन् ।

मुख्यमन्त्री नियुक्त गर्नुअघि प्रदेश प्रमुखले ५२ जना सांसदको सनाखत गराएका थिए । प्रदेश सभाको दोस्रो कार्यकालको १६ महिनाको बिचमा कार्की तेस्रोपटक कोशीको मुख्यमन्त्री बनेका हुन् ।

## त्रिविमा सङ्घीयताअनुरूप पुन:संरचनाको गृहकार्य

काठमाडौँ, २७ वैशाख । त्रिभुवन विश्वविद्यालयलाई सङ्घीयताको ढाँचाअनुरूप पुन:संरचना गरिने भएको छ । विश्वविद्यालयका विगतका कार्ययोजना र उपकुलपति प्रा. डा. केशरजङ्ग बरालको सोचपत्रबमोजिम पुन:संरचनाको गृहकार्य थालिएको हो ।

विश्वविद्यालयले क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयलाई थप जिम्मेवार बनाई परीक्षा प्रणालीमा विकेन्द्रीकरणको प्रक्रियालाई अझ सरलीकरण गर्ने निर्णय गरिसकेको छ । त्रिविका रजिष्ट्रार प्रा. डा. केदारप्रसाद रिजालले विश्वविद्यालयलाई प्रतिस्पर्धी, स्तरीय र विश्वकै महत्त्वपूर्ण शैक्षिक गन्तव्यको रूपमा विकसित गर्न तत्काल विश्वविद्यालयले भोगिरहेका शैक्षिक, प्रशासनिक, आर्थिक एवं व्यवस्थापकीय समस्याको दिगो र भरपर्दो समाधानका लागि पहल थालिएको बताउनुभयो ।

विश्वविद्यालयको दृष्टिकोण २०३० र उपकुलपतिज्यूको सोचपत्रबिच तादात्म्य कायम गरी विश्वविद्यालयमा नीतिगत एकरूपता सुनिश्चित गर्न त्रिवि सेवा अयोगका पूर्वअध्यक्ष प्रा. डा. लालुप्रसाद पौडेलको संयोजकत्वमा सुझाव समिति पनि गठन गरिएको उहाँले जानकारी दिनुभयो ।

विश्वविद्यालयको उपकुलपतिमा गत फागुन १० मा प्रा. डा. बराल र चैत ३० गते शिक्षाध्यक्षमा प्रा. डा. खड्ग केसी र रजिष्ट्रारमा डा. रिजाल नियुक्त हुनुभएको हो । रासस

## महोत्तरीका किसानले पाए उखुको भुक्तानी

महोत्तरी, २७ वैशाख । महोत्तरीका उखु किसानले चिनी उद्योगबाट आफ्नो उत्पादनको सम्पूर्ण भुक्तानी पाएका छन् । जिल्लाको गौशाला-१ स्थित एभरेष्ट सुगर एण्ड केमिकल इण्डष्ट्रिजले उखुको भुक्तानी दिएको हो ।

उखुको मूल्य भने समुचित निर्धारण नभएको भन्दै किसानले गुनासो गरेका छन् । भङ्गाहा-४ रामनगरका किसान अरुण गिरी भन्नुहुन्छ, "यसपालि उखु मिलबाट सबै रकम पाइयो । तर, उखुको मूल्य निर्धारणमा भने हामी ठगिएका छौँ ।" आफ्नो उत्पादनले कति मूल्य पाउने निधोबिना नै उखु तौलाएर उद्योगलाई बुझाउन परेको गिरीसहितका किसानको गुनासो छ ।

उखु किसानको प्रतिनिधि संस्था उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाह भन्नुहुन्छ, "यो अवैज्ञानिक छ ।" बर्सेनि चिनीको मूल्य अनुपात र खेती लागतको मूल्याङ्कनलाई मूल्य निर्धारणको आधार बनाइन पर्ने उहाँ बताउनुहुन्छ ।

अध्यक्ष कुशवाहका अनुसार किसानले चिनीको बिक्री मूल्य र खेतीको लागत मूल्याङ्कनका आधारमा कमसेकम रु. सात सय प्रतिक्विण्टल पाउनुपर्ने माग गरेका थिए तर सरकार र उद्योगबीचको सहमतिपछि रु. छ सय १० कायम भएको । रु. पाँच सय ४० उखुको मूल्यबापत उद्योगले दिने र रु. ७० सरकारले अनुदानबापत दिने गरेको छ । किसानले उद्योगबाट पाउनुपर्ने सबै भुक्तानी पाए पनि अनुदानबापतको रकम पाउन बाँकी छ ।

उखुको भुक्तानी सहज भएपछि पछिल्ला दुई वर्षयता जिल्लामा खेती बढ्दै गएको छ । एकदशकअघि १८ हजार बिघामा उखुखेती हुनेगरेको थियो । उत्पादनको भुक्तानी सहजै प्राप्त हुन थालेपछि क्रमश: खेती बढ्दै गएर यसपालि १० हजार बिघा नाघेको अध्यक्ष कुशवाहले बताउनुभयो ।

एभरेष्ट चिनी उद्योग वित्तीय महाप्रबन्धक विमलचन्द्र ठाकुरले यसपालि १२ हजार पाँच बिघामा गरिएको उखु उद्योगले खरिद गरेको जानकारी दिनुभयो । उद्योगले महोत्तरीका अतिरिक्त सर्लाही, धनुषा र रौतहटबाट पनि उखु खरिद गर्दै आएको छ । रासस



त्रिपालमुनि आगलागीपीडित परिवार
शुक्लाफाँटा नगरपालिका-७ जुडास्थित आगलागीबाट घरसम्पत्ति गुमाएको जयभान ठगुन्नाको त्रिपालमुनि बस्दै आएको परिवार । घर गोठ, भान्सामा आगलागी हुँदा ठगुन्ना परिवारको विजोग भएको छ । *तस्बिर : राजेन्द्रप्रसाद पनेरु/रासस*

## त्रिपालमुनि अनिदोमै रात कटाउँदै आगलागीपीडित परिवार

कञ्चनपुर, २७ वैशाख । ग्यास चुहावट भएर घरमा अगलागी भई बिचल्लीमा परेका शुक्लाफाँटा नगरपालिका-७ जुडाका जयदेव ठगुन्नाको परिवार एक सातादेखि त्रिपालमुनि अनिदोमै रात कटाउन बाध्य छ ।

नेपाल रेडक्रस उपशाखा झलारीले उपलब्ध गराएको त्रिपालमुनि एक सातादेखि ठगुन्ना परिवार बस्दै आएको छ । दिउँसो तातो हावासँगै चल्ने 'लु' र साँझका बेला आउने हावाहुरीले त्रिपालमुनि बस्न ठगुन्ना परिवारलाई सकस छ ।

"हावाहुरी आउने क्रमजारी छ", जयभानकी श्रीमती ममता ठगुन्नाले भन्नुभयो, "हावाहुरीसँगै पानी पर्ला जस्तो पनि छ, त्रिपाल हावाहुरीले उडाउला भन्ने चिन्ता छ, भएको सबै सम्पत्ति आगलागीमै गुम्यो, बालबालिकालाई जोगाउनकै लागि रात अनिदोमै काटिने गरेको छ ।"

जीउमा लगाएको एकसरो लुगाबाहेक सबै सम्पत्ति आँखै अगाडि जलेपछि बिचल्लीमा परेको उहाँले दुखेसो पोख्नुभयो । "बालबालिका घरभित्र बसेर दिउँसो पख टेलिभिजन हेर्दै थिए", उहाँले भन्नुभयो, "म घरभन्दा केही टाढाको सिलाइ पसलमा थिए, त्यही क्रममा घरमा आगलागी भएको खबर सुनेर हतपत पुगे, पुग्दा पूरै घरगोठ सबै आँखै अगाडि जलेर खरानी बन्यो ।"

भान्सामा ग्यास चहावट भएर आगलागी हुन थालेपछि बालबालिका गुहार माग्दै छिमेकीकामा पुगेकाले ज्यान जोगिएको उहाँको भनाइ छ । ठगुन्ना परिवारको घरमा अचानक आगलागी भएको खबर पाउनासाथ सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीय बासिन्दाले आगो निभाउने अथक प्रयास गरे पनि आगलागी नियन्त्रणमा आउन नसकेको पीडित परिवारको भनाइ छ ।

"दमकल छिटो पुगेको भए केही सम्पत्ति बचाउन सकिने थियो, निकै ढिलो पुग्दा केही पनि जोगाउन सकिएन", वडाध्यक्ष प्रतापसिंह धामीले भन्नुभयो, "नगरपालिकाको दमकल बिग्रिएको धेरै भए पनि मर्मत हुन नसक्दा छिमेकी बेदकोट नगरपालिकाबाट दमकल आइपुग्न निकै समय लाग्दा ठगुन्ना परिवारको घर जोगाउन सकिएन ।"

वडाका तर्फबाट आगलागीपीडित परिवारका लागि सक्दो सहयोग जुटाउन लागेको उहाँले उल्लेख गर्नुभयो । ठगुन्ना परिवारलाई पुन:स्थापन गराउनका लागि दातृ निकायसँग सहयोग गरिदिन उहाँले आग्रह गर्नुभएको छ ।

ठगुन्ना परिवारको साँझ बिहानको दुई छाक खानाको लागि अन्नको जोहो छिमेकीले गरिदिएका छन् । बालबालिकाको विद्यालयको पोशाक, कापी किताब विद्यालयले नि:शुल्करूपमा उपलब्ध गराएको छ । आगलागीबाट पीडामा रहेको ठगुन्ना परिवारको घर निर्माणका लागि स्थानीय बासिन्दाले चन्दा सङ्कलन अभियान सञ्चालन गरेका छन् ।

अभियान सञ्चालन गरे पनि अहिलेसम्म घर निर्माण गर्ने रकम सङ्कलन हुन सकेको छैन । नगर प्रमुख, उपप्रमुख लगायतको टोलीले आगलागी भएका परिवारसँग भेट गरी राहतका लागि आश्वासन दिए पनि हालसम्म कुनै सहयोग पुग्न नसकेको पीडित परिवारको भनाइ रहेको छ । घर पुरै जलेर नष्ट हुँदासमेत ठगुन्ना परिवार उपभोक्ता रहेको वातावरण सामुदायिक वनले घर निर्माणका लागि काठ उपलब्ध गराउने कार्य नगरेकोप्रति स्थानीय बासिन्दाले असन्तुष्टि पोख्नुभएको छ ।

जयदेवको घरमा रहेको सबै सम्पत्ति जले पनि ऋण काढेर खरिद गरेको अटोमात्रै बचेको छ । उहाँका अनुसार अटोको किस्ता बुझाउनका लागि निर्धन उत्थान लघुवित्त संस्थाबाट निकालेको बाकसमा राखिएको रु १६ हजार रकम पूरै जलेर खरानी भएको छ ।

यही वैशाख २१ गते दिउँसो भान्सा घरमा ग्यास चुहावट भई आगलागी हुँदा ठगुन्ना परिवारको भान्सासहित घरगोठ सबै जलेर नष्ट भएको थियो । घरभित्र रहेको अन्न, लुगाफाटो, महत्वपूर्ण कागजपत्र, गहना, फ्रिज, टेलिभिजन, पङ्खा, नगद रकम जलेर नष्ट हुनुका साथै गोठमा बाँधिएका तीन बाख्रा, एक ब्याउने भैंसी जलेर मरेका थिए ।

नगरपालिकाका निवर्तमान नगर प्रमुख दिलबहादुर ऐर आगलगीबाट पीडित भएका परिवारलाई सबैको सहयोगको खाँचो रहेको बताउनुहुन्छ । "आगलागीबाट आपत्मा परेको परिवारलाई पुन:स्थापन गराउनका लागि सहयोग गरौँ", उहाँले भन्नुभयो, "नजिकको सरकार भनेकै नगरपालिका हो, जिम्मेवार बनेर विपत्मा परेका परिवारलाई सहयोग गर्नुपर्छ ।" रासस

## बजेट थप नहुँदा ५७४ टुक्रे योजना अलपत्र

काँक्रेविहार (सुर्खेत), २७ वैशाख । चालु आर्थिक वर्षमा बजेट पाँच सय ७४ वटा टुक्रे योजना अलपत्र परेका छन् । बजेट थप गरेर कार्यान्वयन गर्ने भनिए पनि बजेट थप नहुँदा ती योजना अलपत्र परेका हुन् ।

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले भन्नुभयो, "पूर्वसहमतिअनुसार टुक्रे योजना कार्यान्वयन नगर्ने भन्ने भएकाले स्वत: कार्यान्वयन नहुने भइहाल्यो । आर्थिक वर्षको अन्तिममा आएर कसरी सम्भव होला ?" गत पुस २९ गतेको मन्त्रिपरिषद् बैठकले प्रमुख प्रतिपक्ष दलसँग गरिएको सहमतिअनुसार बजेट थप गरेर ती योजना कार्यान्वयन गर्ने निर्णय भएको थियो ।

चालु आव सकिन दुई महिनामात्र बाँकी रहेको अवस्थामा ती योजना के गर्ने भन्नेमा टुङ्गो नलाग्दा कार्यान्वयन नभएरै खेर जाने सम्भावना बढेको आर्थिक मामिला तथा योजनामन्त्री महेन्द्र केसीले जानकारी दिनुभयो । उहाँका अनुसार विसं २०७९ असारमा तत्कालीन प्रमुख प्रतिपक्ष दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) सँग सरकारले प्रदेश सरकारबाट रु. १५ लाखभन्दा कम बजेट विनियोजन भएका योजना कार्यान्वयन नगर्ने राजनीतिक सहमति गरेको थियो ।

"भौतिक पूर्वाधारतर्फ सडक र भवन निर्माण योजनाको हकमा रु. ३० लाखभन्दा कम रकम विनियोजन भएका योजना कार्यान्वयन नगर्ने सहमति भयो । सुरुमा ती योजनाको विषयमा कुनै ठोस कदम चालिएको थिएन", मन्त्री केसीले भन्नुभयो, "पछि आलोचना बढ्न थालेपछि सदनमा सहमति भएअनुरुप रु. १५ लाख मुनिकालाई रु. १५ लाख र सडक, भवनतर्फका रु. ३० लाख मुनिकालाई रु ३० लाख रकम पुऱ्याएर कार्यान्वयन गर्ने निर्णय गरे पनि हाल ती योजना कार्यान्वयन हुनसकेका छैनन् ।"

उहाँका अनुसार जलस्रोत तथा ऊर्जा मन्त्रालयसँग रु १५ लाखमुनिका चार सय ८२ आयोजना छन् । अहिले सबै आयोजनामा रु. १० लाखमात्रै रकम छ । मन्त्रालयका अनुसार सिँचाइतर्फ दुई सय ११, खानेपानीतर्फ एक सय ६२ र नदी नियन्त्रणतर्फ एक सय नौवटा योजना छन् । ती सबै योजनालाई रु. १५ लाख रकम पुर्याई कार्यान्वयनमा लैजान थप रु. २४ करोड १० लाख बजेट आवश्यक पर्दछ ।

मन्त्रालयसँग सोअनुसारको बजेट नभएकाले कार्यान्वयनमा समस्या भइरहेको योजना महाशाखाका प्रमुख गोपाल शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयमा मात्रै उक्त प्रकृतिका रु. १६ करोड बराबरका करिब ९२ वटा योजना छन् ।

गत चैत २७ गते मुख्यमन्त्रीमा नियुक्त हुनुभएका एमाले संसदीय दलका नेता कँडेलले सबैको चासोका विषय बनेका ती योजनाको विषयमा कुनै निर्णय नभए पनि पूर्वसहमतिअनुसार हुने बताएपछि योजना कार्यान्वयनमा नजाने पक्का भएको जलस्रोत तथा ऊर्जा विकासमन्त्री रणसिंह परियारले जानकारी दिनुभयो । मुख्यमन्त्रीले टुक्रे योजना तत्काल कार्यान्वयन नगर्ने निर्देशन दिएपछि ती योजना अलपत्र परेका उहाँले बताउनुभयो ।

चालु आव सकिन लागेकाले ती योजना अब कार्यान्वयन हुने सम्भावना न्यून रहेको मन्त्री परियारले बताउनुभयो । भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री शेरबहादुर बुढाले रकम अभावका कारण तत्काल ती योजना कार्यान्वयन गर्न नसकिने बताउनुभयो ।

। सम्पादकीय ।

# पराधीन देशले देशको मुहार फेर्न नसक्ने

जहिलेसम्म देशमा असल, दूरदर्शी, देशभक्त, देश र जनताप्रति समर्पित नेताहरूले शासन गर्दैनन् तहिलेसम्म देश सही ढङ्गले अघि बढ्ने छैन । देश पछि पर्नु या विकास नहुनुको कारण सरकारको नेतृत्व गर्ने दलका नेताहरू नै दोषी हुन् । सत्तासीन दलका नेताहरू असल, इमानदार, नि:स्वार्थी र देश र जनताप्रति समर्पित भएमा गन्तव्यमा पुग्न सहज हुन्छ । ठुला दलको नेताको गर्व गर्ने तर कुनै मौलिक परिवर्तन गर्न अघि नसर्ने नेताहरूको अडान र विचार पनि स्पष्ट भएन । कुनै दलका नेतालाई चिन्ने आधार उसको बोली, आश्वासन र आकर्षक भाषण होइन, काम हो; व्यवहार हो । आदर्श छाँट्ने, देश समृद्ध र सुखी नेपालीको बखान गर्ने तर त्यो गन्तव्यमा पुग्न कुनै पूर्वाधार तयार नगर्ने सत्तासीन नेताहरूको चालले देशमा सङ्कट देखिएको हो; अभावै अभाव भएको हो; सरकारको आयु निश्चित नभएको हो ।

स्पष्ट विचार, दृढ अडान, नैतिक आचरण र इमानदारिता असल नेताहरूमा हुनुपर्ने गुण हो । देश र जनताप्रति समर्पित नेताहरू दलगत र व्यक्तिगत लाभमा फस्दैनन् । तिनीहरूको स्वार्थ भनेकै देश र जनताको सेवा गर्ने हुन्छ । उनीहरू लोभलालच र प्रलोभनमा फस्दैनन्; विदेशी हस्तक्षेप, दबाब, अतिक्रमण र आक्रमण स्वीकार्दैनन्; उनीहरू शत्रुसामु झुक्दैनन्; काममा लाग्दा आइपर्ने समस्यासित जुध्छन् या समस्याबाट विचलित हुँदैनन् । तर, देशका शासकहरूमा अडान देखिएको छैन; देशलाई मार्ग निर्देश गर्न सकिएको छैन । उनीहरू भ्रष्टाचारी, कमिसनखोर, ठेकेदार, बिचौलिया, अपराधीहरूको घेरामा परेका छन् । यही कारण देशमा भ्रष्टाचार र कमिसन बढेको हो; सुशासन नारा र कागजमा मात्र सीमित भएको हो । नैतिक सीमा मिचेर आय आर्जन गर्ने, सरूवा-बढुवा गर्न र गराएर पैसा असुल्ने, अनेक प्रपञ्च गरेर प्रतिस्पर्धाका सेटिङहरू मिलाएर जस्तोसुकै सम्झौता गरेर गलत कामलाई बढावा दिने काममा ठुला र सत्तासीन दलका नेताहरू लागिरहेका छन् ।

सत्तासीन दलका नेताहरू सिद्धान्त र विचारको राजनीतिमा लागेनन् । अडान नहुँदा, सिद्धान्त र विचारको राजनीति नगरी भागबन्डामा लाग्दा प्रदेश सरकारको गठन स्थिर रहेन । १४/१५ महिनामा कोसी प्रदेशको सरकार पाँच ६ पटक हेरफेर भयो । के यो सही राजनीति हो ? शासकहरू असल, इमानदार नभएकै कारण देश भ्रष्टाचारको जालोमा फसेको हो; देश चलाउने नेताहरूको राजनीतिक छविमा दाग लागेको हो या उचाइ घट्दै गइरहेको हो । स्वार्थको लागि दल फुटाउने, नेतृत्व परिवर्तन गर्ने, मन्त्रीहरू हेरफेर गर्ने सरकारमा सामेल हुनुलाई परिवर्तन सम्झने नेताहरूले देशमा परिवर्तन गर्लान्  भन्ने विश्वास कसरी गर्ने ? देशमा शासक दलहरूबिच नै विश्वास छैन । उनीहरूमा विश्वासको सङ्कट छ । कुन दलका नेताले कहिले समर्थन फिर्ता लिने हुन् ? कुन कुन दल सरकारमा सामेल भएर सरकारको समर्थन गरी सरकार टिकाउने हुन् ? कुनै निश्चित छैन । शासकहरूले राजनीतिक संस्कारको विकास गर्न सकेनन्; राजनीतिक चरित्र निर्माण गर्नेतर्फ ध्यान दिएनन्; सिद्धान्त र विचारको आधारमा गठबन्धन गर्दैनन् या सरकारमा सामेल हुँदैनन् । यो हुनुको कारण असल नेतृत्वको कमी हो ।

देशको स्वाधीनता, सार्वभौमसत्ता र अखण्डताको निम्ति जुट्नुपर्ने दलका नेताहरूको मन या विचार स्वस्थ छैन; उनीहरूको सङ्कीर्ण विचार नै देशको निम्ति बाधक बन्यो । यसले देशलाई पराधीन बनायो । पराधीन देशले देशको मुहार फेर्न सक्दैन । देश र जनताको भन्दा पद, पैसा र भागबन्डामा भुल्ने दलका नेताहरूको मनस्थिति नै फेर्नुपर्ने आवश्यकता छ । सिद्धान्त र विचारलाई थाती राखेर व्यक्तिगत लाभ र स्वार्थ खोज्ने प्रवृत्तिको अन्त्य गर्नुपर्छ । सत्तासीन दलका नेताहरू कुनै विदेशी शक्ति राष्ट्रहरूको दबाबमा होइन आफ्नै देशको माटो सुहाउँदो राजनीति गर्नुपर्छ । देशलाई कहिले कहाँ पुऱ्याउने भन्ने कुरा शासकहरूकै हातमा भर पर्छ । शासकहरूले गलत नीति बनाए, गलत काम गरे देश डुब्नेछ; देश असफल हुनेछ । यसतर्फ सत्तासीन दलका नेताहरू गम्भीर, संवेदनशील हुनुपर्छ; सचेत हुनुपर्छ । यसतर्फ देशका शासकहरूको ध्यान जानुपर्छ ।

# न्यायपालिका स्वतन्त्र, निष्पक्ष र सक्षम हुनु आवश्यक

✍ सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका

**कानुनको राज्य भन्ने वाक्यांश सुन्दा सुन्दर लाग्छ । तर, कानुन जुन वर्ग सत्तामा पुग्छ, उसले आफ्नो वर्गको हितमा बनाउने हुँदा गरिब र कामदारवर्गको लागि न्याय हुँदैन । राणा शासन कालमा पनि राणाहरूले विभिन्न कानुनमार्फत शासन गरेका थिए भने पञ्चायतकालमा पञ्चहरूले पनि आफ्नो हितमा कानुनहरू बनाएर शासन गरेका थिए, अहिले पनि शासक दलहरूले कानुन आफ्नो अनुकूल बनाएरै शासन गर्दै छन् । त्यसैले कानुनको शासन भन्दैमा त्यो जनताको पक्षमा हुन्छ भने होइन । वास्तवमा गरिबहरूको निम्ति न्याय हुने शासन आवश्यक छ ।**




ख्वप कलेज आफ ल २०७९ सालमा मात्रै स्थापना भएको कलेज हो । हामी दोस्रो कार्यकालको लागि निर्वाचित भएपछि भक्तपुर नगरपालिकाले पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन लिएर बीएएलएलबीको कक्षा सञ्चालन सुरु गरेको हो । अहिले पहिलो र दोस्रो वर्षको गरी १२० जना विद्यार्थी अध्ययनरत छन् । कानुन अध्ययन गर्ने धेरै विद्यार्थीहरूको चाहना छ तर हामीसँग सीमित सीटमात्र उपलब्ध छ । पूर्वाञ्चल विश्वविद्यालयमा सीट सङ्ख्या बढाउन हामीले पटकपटक ताकेता गरिरहेका छौँ । तर, अहिलेसम्म थप कोटा पाउन सकेका छैनौँ । उपस्थित विश्वविद्यालयका डीनसमक्ष ख्वप कलेज अफ लको लागि कोटा थप गर्न कलेजको तर्फबाट ध्यानाकर्षण गराउन चाहन्छौँ ।

स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका तथा कानुनको शासन हाम्रो संविधानले स्वीकार गरेका विषय हुन् । न्यायाधीशहरू कोही कसैको दबाब वा प्रभावमा नपरी, डर धम्कीबिना न्याय सम्पादन गर्ने वातावरण निर्माण नै स्वतन्त्र न्यायपालिकाको मान्यता हो । तर, नेपालमा उपकुलपति र राजदूतहरू भागबन्डामा नियुक्त भएजस्तै न्यायाधीशहरू पनि शासक दलहरूबिच भागबन्डामै नियुक्त हुने गरेका छन् । राजनैतिक दलको सिफारिसमा नियुक्त हुने न्यायाधीशहरूले कसरी निष्पक्ष न्याय दिन सक्छन् ? यो जनताको प्रश्न हो ।

संसदीय व्यवस्थामा प्रधानमन्त्रीसँग संसद् भङ्ग गर्ने भरेको बन्दुक हुन्छ भन्ने भनाइ छ । आफ्नै पार्टीका सांसदहरूले काम गर्न नदिएमा वा विपक्षी पार्टीका सांसदहरूले संसद् चल्न नदिएको अवस्थामा जुनसुकै बेला संसद् भङ्ग गर्न सक्ने अधिकार प्रधानमन्त्रीसँग हुनुपर्छ । तर, नेपालमा दुई दुईपटक संसद् भङ्ग हुँदा पनि पुन: स्थापना भयो । एउटा पार्टीले विघटन गर्नासाथ अर्को पार्टी अदालतमा जाने कार्य गलतमात्र होइन, अदालतलाई राजनैतिक विषयको निर्णय गर्ने अधिकार दिएर संसद्को अधिकार न्यायालयमा पुऱ्याउने काम पनि भएको छ । यस्ता गलत अभ्यासहरू बन्द गरिनु आवश्यक छ ।

केही वर्षअघि न्यायाधीश नियुक्त भएकाहरूले सपथ खाएको लगत्तै लवेदा सुरुवालसहित पार्टी कार्यालयमा गएर पार्टीका नेताहरूसित आशीर्वाद थप्न पुगेको समाचार आयो । जनस्तरबाट त्यसको धेरै आलोचना पनि भयो । त्यसैले, स्वतन्त्र न्यायपालिका शब्दमा होइन नेपाली जनताले व्यवहारमा खोज्दै छन् । न्यायाधीशहरू शासक दलहरूको भागबन्डामा नियुक्त गर्ने परम्परा समाप्त नभएसम्म स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको कल्पना गर्न सकिँदैन ।

कानुनको राज्य भन्ने वाक्यांश सुन्दा सुन्दर लाग्छ । तर, कानुन जुन वर्ग सत्तामा पुग्छ, उसले आफ्नो वर्गको हितमा बनाउने हुँदा गरिब र कामदारवर्गको लागि न्याय हुँदैन । राणा शासन कालमा पनि राणाहरूले विभिन्न कानुनमार्फत शासन गरेका थिए भने पञ्चायतकालमा पञ्चहरूले पनि आफ्नो हितमा कानुनहरू बनाएर शासन गरेका थिए, अहिले पनि शासक दलहरूले कानुन आफ्नो अनुकूल बनाएरै शासन गर्दै छन् । त्यसैले कानुनको शासन भन्दैमा त्यो जनताको पक्षमा हुन्छ भने होइन । वास्तवमा गरिबहरूको निम्ति न्याय हुने शासन आवश्यक छ ।

शासन सत्तामा बस्नेहरू जनताको अधिकार खोस्न खोज्छन् । त्यस्तो बेला न्यायपालिकाले संरक्षण गर्छ । जनताको अधिकार हनन हुने कार्य कहीँबाट नहोस् भनेरै सन्तुलन र नियन्त्रणको सिद्धान्त अगाडि आएको हो । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सन्तुलन र नियन्त्रणको सिद्धान्तअनुसार चलेन भने देशमा अराजकता आउन सक्छ ।

व्यवस्थापिका कानुन निर्माण गर्ने थलो हो । तर, अहिले व्यवस्थापिकाको राम्रोसँग बैठक सञ्चालन हुन सकेको छैन । गएको हिउँदे अधिवेशन एउटामात्र विधेयक पारित गरेर अन्त्य भयो । हाम्रा सांसदहरूको ध्यान पनि कानुन निर्माणतिर भन्दा एनजीओ र आइएनजीओको कार्यक्रमतिर बढी गएको देखिन्छ । सांसदहरू एनजीओहरूको कार्यक्रममा गएकै कारण संसद्मा गणपुरक सङ्ख्या नपुगेर कतिपय संसद् बैठक स्थगित गर्नुपर्ने अवस्था आएको नेपाली जनताले देखेका छन् । यस्तो अवस्थामा नेपाली जनताले कसरी राम्रो कानुनको आशा गर्ने ? निजामती कर्मचारी विधेयक, प्रहरी समायोजन विधेयक, शिक्षा विधेयकजस्ता महत्त्वपूर्ण विधेयक अहिलेसम्म पारित हुन सकेको छैन भने ख्वप विश्वविद्यालय विधेयक अहिलेसम्म संसद्मा पेस पनि भएको छैन ।

**व्यवस्थापिका कानुन निर्माण गर्ने थलो हो । तर, अहिले व्यवस्थापिकाको राम्रोसँग बैठक सञ्चालन हुन सकेको छैन । गएको हिउँदे अधिवेशन एउटामात्र विधेयक पारित गरेर अन्त्य भयो । हाम्रा सांसदहरूको ध्यान पनि कानुन निर्माणतिर भन्दा एनजीओ र आइएनजीओको कार्यक्रमतिर बढी गएको देखिन्छ । सांसदहरू एनजीओहरूको कार्यक्रममा गएकै कारण संसद्मा गणपुरक सङ्ख्या नपुगेर कतिपय संसद् बैठक स्थगित गर्नुपर्ने अवस्था आएको नेपाली जनताले देखेका छन् । यस्तो अवस्थामा नेपाली जनताले कसरी राम्रो कानुनको आशा गर्ने ? निजामती कर्मचारी विधेयक, प्रहरी समायोजन विधेयक, शिक्षा विधेयकजस्ता महत्त्वपूर्ण विधेयक अहिलेसम्म पारित हुन सकेको छैन भने ख्वप विश्वविद्यालय विधेयक अहिलेसम्म संसद्मा पेस पनि भएको छैन ।**

राजनैतिक दलहरूले राम्रोसँग काम गर्न नसक्दा अहिले संसद्को सर्वोच्चता कि न्यायालयको सर्वोच्चता भन्नेसम्मको प्रश्न उठ्न थालेको छ । संविधानले निषेध गरेको बाहेक संसद्ले जस्तोसुकै कानुन निर्माण गर्न सक्ने हुँदा जनप्रतिनिधिमूलक संस्था संसद् सर्वोच्च हुन्छ भने संसदीय व्यवस्थाको मान्यता छ । तर, कतिपय राजनैतिक मुद्दाहरूमा अदालतले दिन वा घण्टा नै तोकेर प्रधानमन्त्री नियुक्त गरी सपथ खुवाउनु भनी सर्वोच्चले संसद्लाई परमादेश दिएको अवस्था पनि नेपाली जनताले देखेका छन् । यस्तो अवस्थामा कसरी संसदीय सर्वोच्चता कायम रहन सक्छ ?

केही समयअघि भ्रष्टाचारको अभियोगमा विशेष अदालतले भ्रष्टाचारी ठहर गरेको एक जना सांसदलाई उच्च अदालतमा मुद्दा चलिरहेको कारण देखाई सांसद पदको निलम्बन फुकुवा गरी दियो । यो कस्तो न्याय हो ? कानुनका हरेक विद्यार्थीहरूलाई थाहा छ, भ्रष्टाचारको अभियोगमा अदालतमा मुद्दा दर्ता हुनासाथ उसको पद निलम्बनमा पर्छ । अदालतबाट दोषी ठहर व्यक्ति पनि सरकारी पदबाट निलम्बन नहुने नजिरले धेरै अन्य व्यक्तिहरूले फाइदा लिने सम्भावना रहन्छन् । न्यायकर्ताहरूले यस्ता विषयहरूमा ध्यान दिनु पनि आवश्यक छ ।

संविधानले देखाएको भन्दा फरक बाटोमा सरकार अगाडि बढ्दै छ । नेपालको संविधान २०७२ ले नेपाल समाजवादउन्मुख सङ्घीय गणतन्त्रात्मक राज्य घोषणा गरेको छ । समाजवादउन्मुखको अर्थ उत्पादनका साधनहरू (कलकारखाना, बैङ्क, यातायात, हवाई सेवा, जमिन आदि) राष्ट्रियकरण वा सामाजिकीकरण हो, शिक्षा र स्वास्थ्य उपचार नि:शुल्कको व्यवस्था हो र योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हो । तर, सरकार ठीक उल्टा काम गर्दै छ । राज्यका नाउँमा रहेका कलकारखानाहरू एक एक गरी कौडीको मूल्यमा निजीकरण गर्दै छ, महँगा महँगा विद्यालय, कलेज र अस्पताल खोल्न छुट दिइरहेको छ र युवाहरू रोजगारीको निम्ति दैनिक हजारौँलाई विदेश पठाउँदै छ तथा सम्पूर्ण वस्तुहरू विदेशबाट आयात गर्नुपर्ने स्थितिमा पुऱ्याई देशलाई परनिर्भर बनाउँदै छ ।

संसद् देश र जनताको हितमा कानुन निर्माण गर्न प्राज्ञिक छलफलको थलो हुनुपर्नेमा माइक भाँच्ने, टेबल फोडाफोड र नाराबाजी गर्ने वा कुस्ती खेल्ने अखडाको रूपमा विकास हुँदै छ । कानुनका राम्रा जानकार र बौद्धिक व्यक्तित्वहरू प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभाजस्तो ठाउँमा पुगेका भए आजको अवस्थाभन्दा फरक हुन्थ्यो कि ? विद्यार्थीहरूले अहिलेदेखि सोच्नुपर्ने विषय हो ।

केही समयअघि भ्रष्टाचारमा मुछिएका २ जना मन्त्रीहरूले राजिनामा नदिएको भन्दै एमालेले संसद् अवरुद्ध गरेको थिए भने अहिले प्रचण्ड नेतृत्वको सरकारका गृहमन्त्री रवि लामिछाने सहकारी भ्रष्टाचारमा मुछिएको भनी नेकाले राजीनामाको माग गर्दै संसद् अवरुद्ध गर्दै छ । बजेट अधिवेशन पनि चल्न नसक्ने अवस्थामा पुगेको छ ।

देशको यस्तो कहालीलाग्दो अवस्थाको जिम्मेवार राजनैतिक दलहरूको आलोचना गर्ने र जनतालाई सचेत पार्ने काम बौद्धिक व्यक्तित्वहरूको हो । कानुन अध्ययनरत विद्यार्थी भाइबहिनीहरूले सरकारमा बसेको राजनैतिक दलहरूले गरेका गलत कामबारे सचेत पार्दै भोलिका दिनमा कानुन निर्माण गर्ने, कानुन संशोधन वा परिमार्जन गरी जनताको हितमा लगाउने काममा योगदान दिने विश्वास गर्छु । कानुन दिवसको अवसरमा शुभकामना !


*(कानुन दिवसको अवसरमा २०८१ वैशाख २६ गते ख्वप कलेज अफ लद्वारा आयोजित प्रवचन तथा पुस्तक विमोचन कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिबाट व्यक्त मन्तव्यको सार सङ्क्षेप)*

# डिसेम्बरवादी चेतनाका पछिल्ला ज्योति हर्जेन

**३० वर्षे अन्धयुग**

जार निकोलस प्रथमले रूसी समाजलाई डिसेम्बरवादीहरूको क्रान्तिकारी प्रभावबाट टाढा राख्न हरसम्भव प्रयास गरे। पुस्तक र पत्रपत्रिका प्रकाशनमा सेन्सरलाई अझ कडा बनाइयो। अनौपचारिक कुराकानीमा समेत डिसेम्बर विद्रोहको सानो सङ्केत दिए वा त्यसप्रति अलिकति सहानुभूति देखाए ठूलो अपराध हुनसक्थ्यो। कैद अवधिभर निर्वासित क्रान्तिकारीहरूलाई लेखनमा बन्देज लगाइएको थियो। साइबेरियाबाट विद्रोहीहरूले प्रेषित गर्ने पारिवारिक चिट्ठीहरू स्थानीय अधिकारी, पश्चिम साइबेरियाको केन्द्र इरकुच्क जिल्ला र राजधानी सेन्ट पिटर्सबर्ग गरी तीन तहको सेन्सरपछि मात्र सम्बन्धित प्रापककहाँ पुग्थ्यो। जार शासनविरुद्ध क्रान्तिकारी विचार राख्ने युवाहरूको निगरानी गर्न जारले राजनीतिक (गुप्ती) प्रहरीको विशेष सुरक्षा विभाग स्थापना गरे। त्यस विभागको घोषित उद्देश्य 'रूसी राज्यको आधारशिला रक्षा गर्नु' थियो।

जार निकोलसको प्रोत्साहनमा अनुदार भारदारहरू राज्यको महत्त्वपूर्ण अङ्गहरूमा स्थापित हुँदै गए। भूदास प्रथा रूसी राजसंस्था, कुलीनतन्त्र र धार्मिक संस्थाहरूको आर्थिक एवम् राजनीतिक आधारशिला थियो। त्यसकारण, भूदासहरूलाई खानदानीहरूको जमिनसँगै बाँधिराख्नुपर्छ भन्ने मत राख्नेहरू दरबारमा बलिया थिए। डिसेम्बर विद्रोहको दमनपछि सेनामा क्रान्तिकारी भावना कमजोर भइसकेको थियो। त्यसकारण, निकोलस प्रथमको ३० वर्षे शासन (सन् १८२५- १८५५) लाई रूसमा कठोर निरङ्कुशता र अन्धकारको युग मानिन्छ।




'ध्रुवतारा' बुलेटिन

डिसेम्बर विद्रोहका विद्रोहीहरूको मुद्दाबारे सरकारी अनुसन्धान समितिको प्रतिवेदन प्रकाशन भयो। तर, उक्त प्रतिवेदनमा भूदास प्रथा अन्त्य गर्ने, संवैधानिक व्यवस्था स्थापना गर्ने, अनिवार्य सैनिक सेवा छोट्याउने, राज्यकोषमा उच्च अधिकारीहरूको मनोमानी बन्द गर्नेजस्ता विद्रोहीहरूका मूल उद्देश्यबारे केही लेखिएको थिएन। क्रान्तिकारीहरूलाई राज्य र जारविरुद्ध गम्भीर अपराध गर्ने राजद्रोहीमात्र भनिएको थियो। दशकौँसम्म पनि रूसी जनताले डिसेम्बर विद्रोहबारे बुझ्ने एउटैमात्र माध्यम उक्त प्रतिवेदन बनिरह्यो। रूसी जनताको मस्तिष्कबाट डिसेम्बर विद्रोहीहरूको सम्झना धुमिल पार्न वा मेटाउन जार निकोलसले उक्त प्रतिवेदन पुन: प्रकाशन गर्ने अनुमति दिएनन्।

जार सरकारसँग विद्रोह र विद्रोही युवाहरूसम्बन्धी अनुसन्धानको अप्रकाशित दस्तावेज थियो। त्यसलाई सरकारले गुप्त राखेको थियो। विद्रोहीहरूसँग क्रान्तिकारी सम्झनाहरू थिए। कठोर निगरानी र सेन्सरका कारण उनीहरूले आफ्नो सम्झनालाई कागजमा उतार्न सकिरहेका थिएनन्। गुप्त समाजका गतिविधि तथा उद्देश्यबारे जानकार र विद्रोहप्रति सहानुभूति राख्ने केही उच्च अधिकारीहरूले पनि आफ्नो बुझाइ बाहिर ल्याउन सक्ने अवस्था थिएन।

विद्रोहको १२/१५ वर्षपछि कैद सजायबाट मुक्त भएर क्रान्तिकारीहरूले साइबेरियाका विभिन्न गाउँ-सहरमा निर्वासित जीवन बिताइरहेका थिए। उनीहरूलाई युरोपेली रूसमा रहेका आफ्ना परिवार र साथीहरूलाई चिट्ठी लेख्ने छुट दिइएको थियो। तर, ती चिट्ठीमा लेखिएका व्यहोराहरूमाथि कडा निगरानी राखिन्थ्यो। डिसेम्बर विद्रोहको खास उद्देश्यबारे रूसी जनतालाई बताउनु आवश्यक थियो। लेख्ने स्वतन्त्रताको उपयोग गर्दै केही क्रान्तिकारीहरूले गुप्तरूपमा डिसेम्बर आन्दोलनको इतिहास र संस्मरण लेख्न थाले। तर, सन् १८४१ मा गुप्त समाजको इतिहास र उद्देश्यबारे लेखेको अभियोगमा बागी लुनिनलाई दोस्रो कठोर निर्वासनमा पठाइयो। त्यो देखेर अन्य केही क्रान्तिकारीहरूले आफूले लेख्दै गरेका संस्मरणहरू पनि लुकाए वा नष्ट गरे।

सन् १८५३ मा क्रिमियाको युद्ध सुरु भयो। त्यसमा पराजित भएको पीडाले सन् १८५५ मा जार निकोलसको मृत्यु भयो। नयाँ जार अलेक्सान्दर दोस्रो राजगद्दीमा बसे। रूसमा आर्थिक र सामाजिक सुधार नहुनाले नै बेलायत र फ्रान्सको आधुनिक सेनासँग पराजित हुनुपरेको निष्कर्ष निस्कियो। त्यसैले नयाँ राजाको आगमनसँगै राजनीतिक वातावरण केही खुकुलो बन्यो।



१८५६ अगस्टमा साइबेरियामा निर्वासित क्रान्तिकारीहरूलाई आममाफीको घोषणा गरियो। त्यतिबेलासम्म उनीहरूमध्ये आधाभन्दा बढी क्रान्तिकारीको साइबेरियामै मृत्यु भइसकेको थियो। युरोपेली रूस फर्केका क्रान्तिकारीहरूमाथि गुप्ती प्रहरीको कडा निगरानी कायमै थियो। डिसेम्बर विद्रोहबारे लेख्ने र प्रकाशन गर्ने छुट उनीहरूलाई थिएन। यसरी विद्रोहको ३० वर्षसम्म पनि सामान्य रूसी जनता सन् १८२५ मा भएको डिसेम्बर विद्रोह कसले र के उद्देश्यले गरेको थियो भन्ने विषयमा झन्डै बेखबर थिए।

**'ध्रुवतारा' बुलेटिन**

यही अन्धकारको समयमा टाढा बेलायतको लन्डन सहरमा एउटा दियो बल्यो। सन् १८५५ मा 'ध्रुवतारा' नामक एक रूसी भाषाको बुलेटिन प्रकाशित भयो। त्यो बुलेटिन 'स्वतन्त्र रूसी प्रेस' नामको प्रकाशन संस्थाले गरेको थियो। पहिलो अङ्कमै बुलेटिनमा डिसेम्बर विद्रोहबारे उपलब्ध सूचनाका आधारमा विस्तृत चर्चा गरिएको थियो। गातामा डिसेम्बर विद्रोहपछि फाँसी दिइएका पाँचजना सहिदहरूको आकृति कोरिएको थियो।

विद्रोहको ३० वर्षपछि रूसी पाठकलाई लक्षित गरी क्रान्तिकारी कोणबाट पहिलोपल्ट डिसेम्बर विद्रोहबारे विस्तृत विवरण प्रकाशित भयो। 'ध्रुवतारा' गुप्त बाटोबाट रुसका विभिन्न सहरमा पुग्यो। त्यसले नयाँ पुस्ताका रुसी युवाहरूमा क्रान्तिकारी ऊर्जा थप्ने काम गर्‍यो। बुलेटिनका सम्पादक रूसी क्रान्तिकारी अलेक्सान्दर हर्जेन थिए। उनी लन्डनमा स्वनिर्वासनमा बसेका थिए। 'स्वतन्त्र विचार राख्ने रूसी दाजुभाइहरूमा समर्पित' स्वतन्त्र रूसी प्रेसमा हर्जेनकै लगानी थियो। सो संस्थाको स्थापना सन् १८५३ मा लन्डनमा भएको थियो।

'ध्रुवतारा' बुलेटिनमार्फत हर्जेनले रूसमा रहेका उदारवादी र क्रान्तिकारीहरूलाई डिसेम्बर आन्दोलनबारे सूचना, लेख र संस्मरणहरू पठाउन खुला आह्वान गरे। रूसी पाठकलाई नै लक्षित गरी हर्जेनले क्रान्तिकारी निकोलाई ओगारियोभको सहयोगमा अर्को पत्रिकाको प्रकाशन सुरु गरे। सन् १८५७ देखि 'ध्रुवतारा' बाहेक 'घण्टा' नामक समाचारमूलक नियमित पत्रिका निस्कियो। स्वतन्त्र रूसी प्रेसलाई रूसको कुनाकुनाबाट चिट्ठीहरू आउन थाल्यो। 'ध्रुवतारा' र 'घण्टा' ले रूसीहरूको स्मृतिबाट विलुप्त हुन लागेको पहिलो पुस्ताका क्रान्तिकारीहरूको विद्रोहलाई फेरि रूसको घर-घरमा पुऱ्याइदियो। डिसेम्बर विद्रोहबारे नखुलेका रहस्यका धेरै पाटा बिस्तारै खुल्दै गए। ती क्रान्तिकारीहरूको देशप्रेम, स्वतन्त्रताप्रतिको लगाव, दृढता र त्यागका कथाहरूले नयाँ पुस्ताका रूसी युवाहरूबिच एउटा नौलो क्रान्तिकारी वातावरण सिर्जना गर्‍यो।

**हर्जेनको कथा**


अलेक्सान्दर हर्जेनलाई रूसमा समाजवादी विचार भित्र्याउने क्रान्तिकारी विचारक मानिन्छ। डिसेम्बर विद्रोहको नेतृत्व गरेका खानदानी युवाहरू फ्रान्सेली क्रान्तिको संवैधानिक व्यवस्था, मानवीय समानता र भ्रातृत्वको भावनाबाट प्रभावित थिए। कानुनीराज स्थापना गरी सबै मानिसलाई आर्थिक उन्नति गर्ने स्वतन्त्रता दिएपछि समाज स्वत: न्यायपूर्ण दिशामा अगाडि बढ्छ भन्ने दृष्टिकोणमा उनीहरू एकमत थिए। फ्रान्सेली क्रान्तिपछि आधा शताब्दीको पश्चिम युरोपेली अनुभवले उदारवादी प्रजातन्त्रले आमजनताभन्दा पुँजीपतिहरूको मात्र सेवा गर्ने कुरा प्रस्ट भइसकेको थियो। बुर्जुवावर्ग (पुँजीपतिवर्ग र मध्यमवर्ग) लाई आम जनताको स्वतन्त्रताभन्दा आफ्नो सम्पत्तिको सुरक्षा प्यारो थियो। सन् १८४८ मा युरोपका विभिन्न देशमा भएका क्रान्तिकारी आन्दोलनहरूको असफलताले यो तथ्य साबित गरिसकेको थियो। डिसेम्बर विद्रोहबाट प्रभावित हर्जेन र ओगारियोभजस्ता युवाहरू समाजवादी विचारकहरूतर्फ आकर्षित थिए। रूसमा किसान कम्युनहरूको जगमा नयाँ खालको समाजवादी व्यवस्था स्थापना गर्न सकिने हर्जेनको विश्वास थियो। त्यसकारण, हर्जेनलाई रूसमा सन् १८८० को दशकमा विकास भएको नारोदनिक आन्दोलन र त्यसको जगमा विकास भएको सामाजिक क्रान्तिकारी पार्टीका वैचारिक पिता पनि मानिन्छ।

हर्जेनको जन्म नेपोलियनले रूसमा आक्रमण गर्नुभन्दा केही महिनाअघि १८१२ अप्रिलमा मस्को सहरमा भएको थियो। उनका पिता मस्कोका धनी जमिनदार थिए। माता साधारण जर्मन परिवारबाट आएकी शिक्षित महिला थिइन्। हर्जेनकी आमा खानदानी परिवार थिइनन्। त्यसैले, सानोमा हर्जेनले धेरै हेला र अपमान सहनुपऱ्यो। यस्तो वातावरणमा उनको मनमा सानैदेखि रूसको सामाजिक व्यवस्थाप्रति नकारात्मक भावना फस्टायो। यद्यपि, उनका पिताले उनको शिक्षामा कुनै कमी आउन दिएनन्। घरमै जर्मन, फ्रान्सेली र रूसी शिक्षकहरूमार्फत हर्जेनले प्रारम्भिक शिक्षा पाए।

डिसेम्बर विद्रोह हुँदा हर्जेन १३ वर्षका किशोर थिए। विद्रोहबारे घरानियाँ परिवारहरूमा खासखुस हुने परिचर्चाबारे उनी जानकार थिए। घरमा पढाउन आउने शिक्षकहरूमार्फत हर्जेनले रिलेयेभ र पुश्किनका क्रान्तिकारी कविताहरू पढ्ने मौका पाए। उनलाई पढाउने एक फ्रान्सेली शिक्षक फ्रान्सेली क्रान्तिको क्रान्तिकारी धार ज्याकोबिनका समर्थक थिए। तिनै शिक्षकमार्फत हर्जेनले फ्रान्सेली क्रान्तिबारे जानकारी पाए। हर्जेन फ्रान्सेली क्रान्तिबाट प्रभावित थिए। डिसेम्बर विद्रोहका क्रान्तिकारीहरूले जस्तै उनी पनि भूदास प्रथालाई घृणा गर्थे। उनी आफ्नो परिवारको स्वामित्वमा रहेका भूदासहरूसँग असल व्यवहार गर्थे। डिसेम्बरवादी नेताहरू हर्जेनका आदर्श व्यक्तित्व बने। किशोर उमेरमै उनले आफ्नो जीवनलाई उच्च र पवित्र उद्देश्यको निम्ति समर्पित गर्ने सङ्कल्प लिएका थिए। निकोलाई ओगारियोभ उनका मिल्ने साथी थिए। ओगारियोभ पनि हर्जेनजस्तै मस्कोका धनी जमिनदारका छोरा थिए र डिसेम्बर विद्रोहबाट प्रभावित थिए। एक दिन साँझको बेला दुवै किशोर मस्कोको एउटा थुम्कोमा (पछिको लेनिन डाँडा) पुगे। त्यहाँ उनीहरूले आफ्नो सम्पूर्ण जीवन स्वतन्त्रताको लडाइँमा समर्पित गर्ने कसम खाए। त्यो कसम उनीहरूले जीवनभरि पालन गरे।

१७ वर्षको उमेरमा हर्जेन मस्को विश्वविद्यालयमा प्रकृति विज्ञान विषयमा भर्ना भए। विश्वविद्यालयमा उनले आफूजस्तै क्रान्तिकारी विचार राख्ने युवाहरूको सानो समूह बनाए। सन् १८३० मा फ्रान्सको पेरिसमा भएको जुलाई विद्रोह र वार्सामा भएको पोलियाली विद्रोहको समाचारले उनीहरू उत्साहित बने। विश्वविद्यालय अध्ययनको अन्त्यतिर उनीहरूले रूसमा भर्खरै प्रसार भइरहेको सेन्ट साइमन र चार्ल्स फ्युरिएका समाजवादी विचारहरूबारे जानकारी पाए। फ्रान्सेली क्रान्तिपछि युरोपमा उदारवादी व्यवस्था असफल हुँदै गयो। त्यो व्यवस्थालाई निन्दा गर्दै सेन्ट साइमनले मान्छेले मान्छेलाई गर्ने शोषण निमिट्यान्न पार्नुपर्ने र त्यसको लागि समाजवादी समाज निर्माण गर्नुपर्ने बताए। उनको विचारबाट हर्जेन औधी प्रभावित भए। तर, समाजवादमा राज्यको बलियो भूमिका हुनुपर्ने सेन्ट साइमनको तर्कमा हर्जेन सहमत भएनन्। बरु, चार्ल्स फुरिएले भनेजस्तै व्यक्तिगत अगुवाइ र मजदुरहरूको स्वतन्त्र सहकार्यमा निर्माण हुने आदर्श समाज बढी व्यवहारिक हुने उनको मत थियो। त्यसको बीउ उनले रूसी ग्रामीण क्षेत्रमा चलिरहेको ओब्सचिना (किसान कम्युन) मा देखेका थिए। हर्जेनले फ्रान्स र पोल्यान्डमा भएका विद्रोहको असफलताको कारण खोतले। क्रान्तिकारीहरूले सत्ता प्राप्त गरेर मात्र नपुग्ने बरु समाज परिवर्तनको योजना पनि साथमा हुनुपर्ने उनले अनुभव गरे। हर्जेनको विचारमा रूसमा समाजवाद स्थापना गर्न सबभन्दा पहिला भूदासहरूलाई जमिनदारको खेतमा गरिने बाध्यात्मक श्रमबाट मुक्त गरेर स्वतन्त्र किसान बनाउनुपर्थ्यो। त्यसपछि किसान कम्युनमार्फत सम्पूर्ण किसानलाई जीविकोपार्जन गर्न पुग्ने जमिन बाँड्नुपर्थ्यो। किसान कम्युनहरूमा राज्यको प्रत्यक्ष हस्तक्षेप हुनुहुन्न भन्ने उनको धारणा थियो।

सन् १८३३ मा हर्जेनले विश्वविद्यालय शिक्षा पूरा गरे। हर्जेनको युवा अध्ययन समूह निरन्तर चलिरह्यो। एक वर्षपछि सो समूह गुप्ती प्रहरीको निसानामा पऱ्यो। गुप्ती प्रहरीले हर्जेन, ओगारियोभलगायतका क्रान्तिकारी युवालाई 'सामाजिक सुव्यवस्थाको निम्ति खतरनाक विचार बोक्ने स्वतन्त्र विचारक' करार गयो। जारविरोधी गतिविधिमा सामेल भएको अभियोगमा उनीहरूलाई टाढाका जिल्लाहरूमा निर्वासित गर्‍यो। निर्वासनको अन्त्यतिर हर्जेनले द्वन्द्ववादी दर्शनका प्रवर्तक हेगेलका कृतिहरूको अध्ययन गरे। युरोपका वामपन्थी हेगेलवादीहरूले जस्तै हेगेलको द्वन्द्ववादी विचारले क्रान्तिको नौलो बाटो खोलेको हर्जेनले देखे। हेगेलको दर्शन क्रान्तिको बीजगणित हो भन्ने हर्जेनले निष्कर्ष निकाले। यही समयमा जर्मनीमा कार्ल मार्क्स हेगेलको द्वन्द्ववादी दर्शनलाई भौतिकवादी जगमा अड्याउनुपर्ने निचोडमा पुग्दै हुनुहुन्थ्यो। सन् १८४२ मा निर्वासनको आठ वर्ष पुग्यो। हर्जेन सजायमुक्त भए। सरकारले उनलाई राजधानी पिटर्सबर्गमा बस्ने अनुमति दियो। तर, जार निकोलसको स्वेच्छाचारी शासन, गुप्ती प्रहरीको निरन्तर निगरानी र प्रकाशनमा रहेको सेन्सरका कारण उनले त्यहाँ उकुसमुकुस अनुभव गरे। उनले रूसको बसाइँ अर्थहीन बुद्धिविलासमा खेर जाने देखे। पिताको मृत्युपछि पाएको सम्पूर्ण जायजेथा बेचेर सन् १८४७ मा हर्जेन सपरिवार पश्चिम युरोप स्वनिर्वासनमा गए। सन् १८४८ मा युरोपमा क्रान्तिकारी उभार आयो। त्यसबेला उनी पेरिसमा थिए। क्रान्तिको विफलताले उनी वैचारिक अन्योलमा परे। तर, जारको तानाशाहीविरुद्ध सङ्घर्ष गर्ने उनको दृढता कहिल्यै डगमगाएन।


लेनिन

इटाली, फ्रान्स हुँदै सन् १८५२ मा हर्जेन बेलायतको लन्डनमा स्थायीरूपमा बस्न थाले। त्यहाँ उनले 'स्वतन्त्र रूसी प्रेस' को स्थापना गरे। विभिन्न प्रकाशनमार्फत रूसमा जारशाहीविरुद्ध भूदास प्रथाको अन्त्य र समाजवादको पक्षमा जनमत निर्माणमा महत्त्वपूर्ण भूमिका खेले। ५७ वर्षको उमेरमा सन् १८७० मा पेरिसमा उनको मृत्यु भयो।

अलेक्सान्दर हर्जेनको सयौँ जन्मदिवसको अवसरमा लेनिनले लेख्नुभएको छ, "हर्जेन खानदानी र जमिनदार वर्गबिच जन्मेका क्रान्तिकारी पुस्ताका एक सदस्य हुन्। डिसेम्बर विद्रोहले उनलाई जगायो। आफ्नो जमानाका उनी महान् विचारक थिए। उनी हेगेलको द्वन्द्ववाद, फायरबाखको भौतिकवाद हुँदै द्वन्द्वात्मक भौतिकवादसम्म पुगेका थिए। तर, ऐतिहासिक भौतिकवादसम्म पुग्नुअगावै उनी रोकिए। त्यसकारण, हर्जेन सन् १८४८ को युरोपेली क्रान्तिको पुँजीवादी चरित्रबारे सचेत भएनन् र क्रान्तिको असफलतापछि वैचारिकरूपमा विचलित बने। त्यसबेला उनी एक प्रजातन्त्रवादी, एक क्रान्तिकारी र एक समाजवादी थिए। तर, उनको समाजवाद त्यसबेला अगाडि आएका अनेकौँ किसिमका समाजवादजस्तै बुर्जुवा र निम्न पुँजीवादी समाजवाद थियो। बुर्जुवा प्रजातन्त्रवादीहरूको क्रान्तिकारी चरित्र स्खलित हुँदै गरेको र सर्वहारा समाजवादीहरूको क्रान्तिकारी चरित्र अझै नछिप्पिसकेको त्यो युगको एक स्वाभाविक पात्र थिए अलेक्सान्दर हर्जेन।"

लेनिन थप्नुहुन्छ, "हर्जेनले विदेशमा स्वतन्त्र प्रेस खडा गरेर रूसी आन्दोलनलाई महान् सेवा पुऱ्याए। 'ध्रुवतारा' ले डिसेम्बरवादी भावनालाई निरन्तरता दियो भने 'घण्टा' ले भूदास मुक्तिको झन्डा उँचो फहरायो।" यसरी शासकहरूले इतिहासको पानाबाटै मेटाउन खोजेको डिसेम्बर विद्रोहलाई रूसी जनतासामु ल्याउन र प्रगतिशील विचार राख्ने कुलीन युवाहरूको भित्री छलफलमा सीमित क्रान्तिकारी आन्दोलनलाई व्यापक जनतामा फैलाउन हर्जेनले महत्त्वपूर्ण भूमिका खेलेको प्रस्ट हुन्छ।




दक्षिण अमेरिकी देश अर्जेन्टिनाको राजधानी ब्युनसआयर्समा राष्ट्रपति ह्याभिएर मिलेइले ल्याएको पेन्सन कटौतीलगायत समाज कल्याण बजेट कटौतीसहितको आर्थिक कार्यक्रमको विरोधमा प्रदर्शन गर्दै सेवानिवृत्त कर्मचारीहरू मे ८, २०२४ का दिन ।

*तस्बिर : लुइस रोबायो/एएफपी*

# हङ्गेरीका प्रधानमन्त्रीद्वारा सी चिनफिङ तथा उहाँका श्रीमतीलाई बुडापेस्टमा स्वागत

बुडापेस्ट, २७ वैशाख (सीआरआई) । स्थानीय समय मे ८ का दिन राति चीनका राष्ट्राध्यक्ष सी चिनफिङ विशेष विमानद्वारा हङ्गेरीको राजधानी बुडापेस्ट पुग्नुभएको छ । हङ्गेरीका राष्ट्रपति सुल्योक टामास र प्रधानमन्त्री ओर्बान भिक्टोरको निमन्त्रणामा चीनका राष्ट्राध्यक्ष सी चिनफिङले हङ्गेरीको राजकीय भ्रमण थाल्नुभएको हो ।

राष्ट्राध्यक्ष सी चिनफिङ सवार विशेष विमान बुडापेष्ट अन्तर्राष्ट्रिय विमानस्थल पुगेपछि हङ्गेरीका प्रधानमन्त्री तथा उहाँकी श्रीमती र विदेश मन्त्रीलगायत उच्चस्तरीय सरकारी पदाधिकारीले न्यानो स्वागत गर्नुभएको थियो । प्रधानमन्त्री ओर्बानले चीनका राष्ट्राध्यक्ष सी चिनफिङ सवार विमान तथा उहाँकी श्रीमतीलाई “घर आउनुभएको” भन्दै स्वागत व्यक्त गर्नु भएको थियो । उहाँले चिनियाँ नेतालाई स्वागत गर्न पाउँदा आफूहरूलाई गौरव लागेको बताउनुभयो ।

चीनका राष्ट्राध्यक्ष सी चिनफिङले मे ९ का दिन हङ्गेरीका राष्ट्रपति टामास सुल्योकसँग भेटवार्ता गर्नुभएको छ ।

राष्ट्राध्यक्ष सीले सुन्दर हङ्गेरीको भ्रमण र राष्ट्रपति सुल्योकसँगको भेटघाटप्रति प्रसन्नता प्रकट गर्नुभयो । राष्ट्रपति सुल्योकसँग असल व्यवहारिक सम्बन्ध र मित्रता कायम राखेर साझा अभिरूचिका मामिलामा आदानप्रदानलाई सबल पारी चीन-हङ्गेरी सम्बन्धको उच्चस्तरीय विकासलाई अगाडि बढाउने इच्छा पनि उहाँले व्यक्त गर्नुभएको छ ।

हङ्गेरी नयाँ चीनको मान्यता दिने पहिलो देशहरूमध्येको एक हो । दौत्य सम्बन्ध स्थापनादेखि दुई देशले सधैं आपसी सम्मान, समान सहअस्तित्व र हितकर तथा साझा विजयको भावना कायम राखेका छन् । चालु वर्ष चीन र हङ्गेरीबिच दौत्य सम्बन्ध स्थापना भएको ७५ औं वार्षिकोत्सव हो । राष्ट्रपति सुल्योकसँग परम्परागत मित्रताको प्रसारण गर्ने, राजनीतिक विश्वासलाई गहन पार्ने, आपसी हितकर सहकार्यलाई सबल पार्ने गरी दुई देशको सम्बन्धलाई नयाँ चरणमा पुऱ्याउने इच्छा पनि राष्ट्राध्यक्ष सीले राख्नुभएको छ ।

**चिनियाँ राष्ट्राध्यक्ष सीको भ्रमण ऐतिहासिक : ओर्बान**

चिनियाँ राष्ट्राध्यक्ष सी चिनफिङको हङ्गेरी राजकीय भ्रमणको अवसरमा हङ्गेरीका प्रधानमन्त्री भिक्टर ओर्बानले स्थानीय समयअनुसार मे ९ का दिन, बुडापेष्टमा चाइना मिडिया ग्रुपको ‘हाई-एन्ड इन्टरभ्यु’ लाई विशेष अन्तर्वार्ता दिँदै ओर्बानले राष्ट्राध्यक्ष सीसँगको आफ्नो वर्षौंको कुराकानीको स्मरण गर्दै सीको भ्रमणप्रति खुशी व्यक्त गर्नुभएको छ । उहाँले यो ऐतिहासिक भ्रमण भएको पनि बताउनुभएको छ ।

# माल्दिभ्सका विदेशमन्त्री मूसा जमीर भारत भ्रमणमा

नयाँदिल्ली, ९ मे (एएनआई) । कूटनीतिक गतिरोधको बिचमा माल्दिभ्सका विदेशमन्त्री मूसा जमीर दुई देशबिचको द्विपक्षीय सम्बन्धबारे छलफल गर्न भारतको औपचारिक भ्रमणमा नयाँ दिल्ली आइपुग्नुभएको छ ।

स्रोतका अनुसार भ्रमणको क्रममा दुई पक्षले द्विपक्षीय र क्षेत्रीय मुद्दाहरूमा छलफल गरी बहुआयामिक सम्बन्धलाई गति दिनेछन् ।

भारतीय विदेश मन्त्रालयले पनि एक्समा उहाँको आगमनको विवरण सार्वजनिक गरेको छ । “माल्दिभ्सका विदेशमन्त्री मूसा जमीरलाई भारतको औपचारिक भ्रमणमा हार्दिक स्वागत छ ।”

स्रोतका अनुसार माल्दिभ्सका विदेशमन्त्रीले भारतका परराष्ट्रमन्त्री एस जयशङ्करसँग भेट गरी आपसी हितका द्विपक्षीय र क्षेत्रीय मुद्दाहरूमा छलफल गर्नु हुनेछ । नयाँदिल्ली भ्रमणको क्रममा विदेशमन्त्री जमीरले भारतीय विदेशमन्त्री जयशंकरलाई भेटवार्ता गर्नुहुनेछ । “माल्दिभ्स हिन्द महासागर क्षेत्रमा भारतको प्रमुख समुद्री छिमेकी हो र विदेशमन्त्री जमीरको भ्रमणले दुई देशबिचको द्विपक्षीय सहयोगलाई थप गति दिने अपेक्षा गरिएको छ,” भारतीय विदेश मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ ।

भारतले मे १० अघि नै माल्दिभ्सबाट आफ्ना सैन्य कर्मचारीहरू फिर्ता गर्ने बताएको छ । गत मे ३ मा भारत र माल्दिभ्सबिच सम्पन्न द्विपक्षीय उच्चस्तरीय संयन्त्रको चौथो बैठकले मे १० सम्ममा माल्दिभ्सबाट भारतीय सैन्य कर्मचारी हटाउने सहमति गरेका थिए ।

यसअघि, राष्ट्रपति मोहम्मद मुइज्जुको नेतृत्वमा रहेको माल्दिभ्स सरकारले औपचारिक रूपमा भारतलाई मालेबाट आफ्नो सेना फिर्ता लिन आग्रह गरेको थियो ।

माल्दिभ्सको विदेश मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा दुवै पक्षले विद्यमान द्विपक्षीय सहयोगको समीक्षा गरेको उल्लेख छ । जसमा विकास र रक्षा सहयोगलगायत आपसी हितका विभिन्न मुद्दाहरूमा छलफल भएको थियो ।

उच्चस्तरीय समूहको पाँचौं बैठक आपसी सहमतिअनुसार आगामी जुन/जुलाई महिनामा मालेमा आयोजना गर्ने सहमति भएको छ ।

माल्दिभ्सबाट भारतीय सेनालाई हटाउनु मुइज्जुको पार्टीको मुख्य चुनावी अभियान थियो । हाल माल्दिभ्समा डोर्नियर-२२८ समुद्री गस्ती विमान र दुई एचएएल ध्रुव हेलिकप्टरसहित करिब ७० जना भारतीय सैनिक तैनाथ छन् ।

# एयर इन्डियाका ७४ बजेट उडान रद्द

मुम्बई, २७ वैशाख (एएफपी) । अन्तिम समयमा चालक दलका दर्जनौं सदस्यले बिरामी भएको भन्दै सञ्चालनमा गम्भीर अवरोध गरेको एक दिनपछि एयर इन्डियाको बजेट वाहक सहायक कम्पनीले बिहीबार ७४ वटा उडानहरू रद्द गरेको छ ।

भारी ऋणग्रस्त वाहकलाई निजीकरण गर्ने सरकारी प्रयासपछि सन् २०२२ मा भारतीय समूह टाटा समूहले एयरलाइनलाई अधिग्रहण गरेको थियो ।

मिडिया रिपोर्टले अचानक सामूहिक बिरामी बिदालाई यसको नयाँ स्वामित्वले लगाएको भर्ती र पदोन्नतिको नयाँ नीतिहरूमा कर्मचारीहरूको असन्तुष्टिसँग जोडेको छ ।

“हाम्रा पाहुनाहरूलाई असुविधा कम गर्न हरसम्भव प्रयास गरिएको छ तर बिहीबार ७४ वटा उडान रद्द गर्न बाध्य भएका छौं,” एयर इन्डिया एक्सप्रेसले विज्ञप्तिमा भनेको छ ।

कर्मचारी अभावका कारण मङ्गलबारदेखि ९० भन्दा बढी उडान ‘अवरुद्ध’ भएको एयरलाइन्सले बुधबारको विज्ञप्तिमा जनाएको थियो ।

प्रमुख कार्यकारी आलोक सिंहले आगामी दिनमा एयरलाइन्सले आफ्नो उडान तालिका घटाउन बाध्य भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “हिजो साँझदेखि हाम्रा एक सयभन्दा बढी चालक दलका सदस्यहरूले आफ्नो निर्धारित ड्युटीअघि अन्तिम समयमा बिरामी भएको सूचना दिनुभयो, यसबाट हाम्रो परिचालन गम्भीररूपमा अवरुद्ध भए । यो कार्यले निश्चितरूपमा ड्युटीको आग्रहलाई प्रतिक्रिया दिन जारी राख्ने कम्पनीका दुई हजार चालक दलका सदस्यहरूको प्रतिनिधित्व गर्दैन ।”

मिडिया रिपोर्टहरूमा बजेट वाहकले कम्तीमा २० कर्मचारीलाई बर्खास्त गरेको जनाइएको छ । एयर इन्डिया एक्सप्रेसका प्रवक्ताले बिहीबार एयरलाइन्सले थप विवरण उल्लेख नगरी केही व्यक्तिविरुद्ध उचित कदम चालेको जानकारी दिनुभयो । “हामीले केही व्यक्तिविरुद्ध उचित कदम चालेका छौं किनकि उनीहरूको कार्यबाट हाम्रा पाहुनाहरूलाई गम्भीर असुविधा भएको छ,” उहाँले भन्नुभयो ।

भारतीय सञ्चारमाध्यमका अनुसार आक्रोशित यात्रुहरूले ढिलाइ र रद्द गरिएका उडानहरूको अपडेट प्रतीक्षा गरिरहेका कारण नयाँदिल्ली विमानस्थलमा बुधबार अराजक दृश्यहरू देखिएको थियो ।

## विश्व सङ्क्षेप

### फ्रान्सभर ओलम्पिक ज्वालाको यात्रा सुरु

मार्सेली (फ्रान्स), ९ मे (एएफपी) । स्वागत समारोहका लागि भव्य थ्रि-मास्ट जहाजमा आइपुगेको एक दिनपछि मसालवाहकहरूले फ्रान्सको दक्षिणी बन्दरगाह सहर मार्सेलीका सडकमार्फत ओलम्पिक ज्वाला बोक्नेछन् ।

पेरिसमा जुलाई २६ मा ओलम्पिक खेलकुदको उद्घाटन समारोहसम्ममा चार सय ५० भन्दा बढी सहर हुँदै करिब १० हजार मसालवाहकले मुलुकभर ११ साताको यात्रा सुरु गर्नेछन् ।

सन् १९९० को दशकमा मार्सेली टिमबाट खेल्ने पूर्वफुटबल खेलाडी बेसिल बोलीले बिहीबारको पहिलो रिले नोट्रे डेम डे ला गार्डे बेसिलिकाबाट सुरुआत गर्नेछन् ।

बास्केटबल खेलाडी टोनी पार्करले बिहीबारपछि रिलेमा आफ्नो पालो लिनेछन् । मसाल बोक्नका लागि एक तरबारबाज च्याम्पियन, एक स्केटबोर्डर, एक मिसेलिन-ताराङ्कित सेफ र एक हास्य अभिनेतालाई पनि छनोट गरिएको छ ।

मार्सेलीका उत्साही फुटबल प्रशंसकहरूको घर प्रसिद्ध स्टेड वेलोड्रोमको छतमा मसाल लैजानका लागि सहभागीहरूले सहरको सबैभन्दा प्रतीकात्मक स्थानहरूमार्फत दिनभर दौडने तालिका छ ।

सहरले बुधबार ओलम्पिक ज्वालाको आगमनको खुशीयाली धुमधामसँग मनायो । मार्सेलीका मेयर बेनोइट पायनले ओल्ड पोर्टमा दुई लाख ३० हजारभन्दा बढी मानिस समारोहमा सहभागी भएको बताउनुभयो ।

“यो अविश्वसनीय र जादुमय छ, हामीलाई यसको आवश्यकता थियो, हामीसँग मार्सेलीमा यस्तो प्रकारको घटना वा सुन्दर चिजहरू कहिल्यै हुँदैनन्,” मार्सेलीका बासिन्दा अमेल सेकोले भन्नुभयो ।

“यो यस्तो चिज हो जुन तपाईंले आफ्नो जीवनमा कम्तीमा एकपटक अनुभव गर्नुपर्छ... हामीसँग सूर्य र ओलम्पिक ज्वाला छ,” मार्सेलीका अर्का बासिन्दा मौना बौल्हासले भन्नुभयो ।

खेलहरूको समयमा मार्सेलीमा नौकायान प्रतियोगिता र केही फुटबल खेल आयोजना हुनेछन् ।

### दक्षिणी युक्रेनमा रुसी गोलाबारी दुई युक्रेनी नागरिकको मृत्यु

किभ, ९ मे (एएफपी) । युक्रेनले बिहीबार दक्षिणी सहर निकोपोलमा रुसी गोलाबारीमा दुई जनाको मृत्यु भएको जनाएको छ । तर, बिहीबार राति रुसले प्रहार गरेका २० वटा ड्रोनमध्ये अधिकांश नष्ट गरेको बताएको छ ।

सन् २०२२ को अन्त्यदेखि फ्रन्टलाइनमा परिणत भएको डेनिप्रो नदी पार गरेर तैनाथ रूसी सेनाबाट निकोपोल नियमितरूपमा आक्रमणको शिकार भएको थियो । रुसले प्रहार गरेको क्षेप्यास्त्रबाट ६२ वर्षीय पुरुष र ६५ वर्षीया महिलाको ज्यान लिएको क्षेत्रीय गभर्नर सेर्गी लिसाकले बताउनुभयो ।

उहाँले आगो लागेको घर र धेरै क्षतिग्रस्त भवनहरूको फोटो प्रकाशित गर्नुभएको छ ।

बिहीबार राति नै रुसले प्रहार गरेका २० वटा ड्रोनमध्ये युक्रेनको वायु रक्षा बलले दक्षिणी ओडेसा क्षेत्रमा १७ वटा नष्ट गरेको थियो ।

एउटा ड्रोनले दक्षिणी माइकोलाइभ क्षेत्रको दुई तले भवनलाई क्षतिग्रस्त बनाएको आपतकालीन सेवाले टेलिग्राममा लेखेको छ, तर त्यहाँ कुनै हताहत भएको रेकर्ड गरिएको छैन ।

### अफगानिस्तान विस्फोटमा तीनको मृत्यु, पाँच घाइते

काबुल (अफगानिस्तान), ९ मे (एएनआई) । अफगानिस्तानको बदख्सान प्रान्तको केन्द्रमा बुधबार सुरक्षा बललाई लक्षित गरी भएको विस्फोटमा तीन जनाको मृत्यु हुनुका साथै अन्य पाँच जना घाइते भएको टोलो न्युजले जनाएको छ । तालिबानको गृह मन्त्रालयले फैजाबाद सहरमा सुरक्षा बलको शिविरलाई लक्षित गरी विस्फोट गराइएको जनाएको छ । अफिम खेती उन्मूलन गर्ने अभियानमा सुरक्षा बलको क्याम्प त्यस क्षेत्रमा तैनाथ थियो ।

प्रारम्भिक जानकारीअनुसार घटनामा तीन जना सुरक्षा बलका सदस्यहरूको मृत्यु हुनुका साथै अन्य पाँच जना घाइते भएको मन्त्रालयका प्रवक्ता अब्दुल मतिन कानीले बताउनुभयो ।

यसैबिच, बदख्सानका नागरिकहरूले तालिबानलाई यस क्षेत्रको सुरक्षा बढाउन अनुरोध गरेको बदख्सानका बासिन्दा रसूलले उल्लेख गर्नुभयो ।

अहिलेसम्म कुनै व्यक्ति वा समूहले उक्त विस्फोटको जिम्मेवारी लिएको छैन । घटनाको थप विवरणको प्रतिक्षा गरिएको छ ।

### लाहोर एयरपोर्टमा आगलागी : उडानमा ढिलाइ

लाहोर (पाकिस्तान), २७ वैशाख (एएनआई) । लाहोर विमानस्थलमा लाउन्ज क्षेत्रमा आगलागी भई अराजकता फैलिँदा हज यात्रासहित धेरै अन्तर्राष्ट्रिय उडानहरू अवरुद्ध भएको आज न्यूजले जनाएको छ ।

आपत्कालीन प्रतिक्रियाकर्ताको सहयोगमा मानिसहरूको द्रुत उद्धारले व्यक्तिहरूलाई कुनै हानि नभएको जनाइएको छ । यद्यपि, अध्यागमन काउन्टरको छतबाट लागेको आगोले त्यस क्षेत्र धुवाँले भरिँदा यात्रुहरूलाई बाहिर निकाल्न आवश्यक थियो ।

बिहीबार न्यूजद्वारा प्रसारित तस्बिरहरूले धुँवा निस्कँदै गरपछि कोलाहलपूर्ण दृश्यको तस्विर चित्रण गरेको थियो । आगलागीको कारण निर्धारण गर्न एउटा विशेष टोली परिचालन गरिएको छ । विमानस्थलका अधिकारीहरूले अध्यागमन काउन्टरमा ठुलो क्षति भएको उल्लेख गरेका छन् ।

पहिलो हज प्रस्थान र अन्य पाँचवटा अन्तर्राष्ट्रिय उडानहरू ढिलाइ भएको कारण घटनाको प्रभाव उडान तालिकामा परेको थियो । आप्रवासन प्रक्रियाको चिन्ताका बाबजुद अन्तर्राष्ट्रिय उडानहरू कुनै मार्ग परिवर्तनबिना लाहोर विमानस्थलतर्फ रुट गरिएको छ ।

# समपूरक र विशेष अनुदानका लागि मधेस प्रदेशबाट प्रस्ताव परेन, क्रमागत आयोजनाले बजेट नपाउने

✍ हेमन्त जोशी

काठमाडौँ । आगामी आर्थिक वर्षका लागि समपूरक र विशेष अनुदानका लागि देशभरबाट तीन हजार छ सयभन्दा बढी प्रस्ताव राष्ट्रिय योजना आयोगलाई प्राप्त भए तापनि मधेस प्रदेशबाट एउटा पनि प्रस्ताव परेको छैन ।

आयोगका अनुसार आगामी आवका लागि समपूरक र विशेष अनुदान लिन मधेस प्रदेशबाट कुनै पनि प्रस्ताव नपरेको हो । मधेस प्रदेशले बजेट नै माग नगरेपछि यसअघि सुरु भएका तर सम्पन्न नभएका क्रमागत आयोजनाले आगामी आवमा समपूरक र विशेष अनुदान शीर्षकबाट बजेट पाउने छैनन् ।

आयोगले गत मङ्सिर मसान्तमा सबै प्रदेश र स्थानीय तहलाई परिपत्र गर्दै माघ मसान्तभित्र समपूरक र विशेष अनुदानका आयोजना सिफारिस गरिसक्न भनेको थियो । सङ्घीय सरकारबाट प्रदान हुने अनुदान लिन अनलाइन प्रणालीबाट आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न आह्वान गरिएको थियो ।

आयोगका कार्यक्रम निर्देशक शिवरञ्जन पौड्यालले भन्नुभयो, "मधेस प्रदेशका क्रमागत आयोजना पनि थिए । तर, उहाँहरूले सिस्टम लगइन नै गर्नुभएन । नयाँ र क्रमागत दुवै खालका योजनाका लागि बजेट माग गरी प्रस्ताव आएनन् । अन्तिम दिनसम्म पनि योजना आयोगले प्रस्ताव हाल्न भनिरहेको थियो । तर, मधेस प्रदेशले कुनै प्रस्ताव पठाएन । कार्यविधिले क्रमागत आयोजनाको हकका पनि प्रस्ताव मान्नैपर्ने भनेर तोकेको छ । त्यसको कुल लागत, ठेक्का अङ्क, प्रगति विवरणलगायतका विषय खुल्नुपर्छ ।"

समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ मा सङ्घीय समपूरक अनुदान तथा सङ्घीय विशेष अनुदानसम्बन्धी व्यवस्था गरिएको छ । सङ्घीय सरकारले हरेक वर्ष समपूरक र विशेष अनुदान शीर्षकमा प्रदेश र स्थानीय तहलाई बजेट छुट्याउँछ । कार्यविधिको व्यवस्थाअनुसार प्रदेशको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहको हकमा कार्यपालिका बैठकले सिफारिस गरेका आयोजनामा अनुदान मागसहित योजना आयोगमा प्रस्ताव हाल्नुपर्ने व्यवस्था छ ।

मधेस प्रदेश सरकार प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष नाथुप्रसाद चौधरी सङ्घीय समपूरक र विशेष अनुदान लिनका लागि आयोजनाहरूको सूची प्राथमिकीकरण गरेर पठाएको भए पनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्यसको प्रक्रिया अगाडि नबढाएको बताउनुहुन्छ । "प्रदेश योजना आयोगले आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण पठाइसकेको थियो । ती योजना/कार्यक्रम स्वीकृत गरेर अनुदान मागसहितको प्रस्ताव पठाउने काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको हो," उहाँले भन्नुभयो ।

योजना आयोगका अनुसार मधेस प्रदेशका समपूरकतर्फ ६ वटा र विशेष अनुदानतर्फ चारवटा गरी कुल लागि १० वटा क्रमागत आयोजना छन् । ती आयोजना तथा कार्यक्रमको बजेट व्यवस्थापन कसरी हुन्छ भन्ने अन्योल छ । सङ्घीय समपूरक र विशेष अनुदान लिन तोकिएको समय तथा प्रक्रिया गुजारेपछि अहिले मधेस प्रदेश सरकारले वैकल्पिक तरिका खोजिरहेको छ ।

अनलाइन प्रणालीबाट मात्रै योजना तथा कार्यक्रम प्रविष्टि (इन्ट्री) गर्नुपर्ने कार्यविधिको बाध्यकारी व्यवस्था भए पनि मधेस प्रदेश सरकारले त्यस्तो अनुदान मागका लागि भौतिकरूपमा कागजपत्र बुझाउने तयारी गरिरहेको छ । मधेस प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कायममुकायम प्रमुख सचिव लोकनाथ पौड्यालका अनुसार यो विषय सम्बोधन हुनेबारे त्यहाँको सरकारले केन्द्र सरकारबाट आश्वासनसमेत पाएको छ । "मैले यही वैशाखदेखि मात्रै मुख्यमन्त्री कार्यालयमा जिम्मेवारी सम्हालेको हुँ । पुरानो विषय मलाई सबै जानकारी छैन । तर मुख्यमन्त्रीले प्रधानमन्त्रीबाट आश्वासन पाएको छु, बजेट व्यवस्थापन हुन्छ भन्नुहुन्थ्यो," पौड्यालले भन्नुभयो ।

प्रस्ताव माग नै गरेका क्रमागत आयोजनाले बजेट पाउने वा नपाउने विषयको निर्णय गर्ने अधिकार समपूरक अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ ले व्यवस्था गरेको आयोजना/कार्यक्रम छनोट समितिमा रहने राष्ट्रिय योजना आयोगका प्रवक्ता यमलाल भुसाल बताउनुहुन्छ । "क्रमागत भनिएका आयोजना/कार्यक्रमको काम सम्पन्न भएको हो कि ? अथवा त्यसमा बजेट आवश्यकता हो कि होइन भनेर आयोगलाई आफैँ थाहा हुने कुरा भएन । प्रस्ताव नै नआएको हकमा अब के हुन्छ यसै भन्न सकिँदैन । यो विषयलाई आयोजना/कार्यक्रम छनोट समितिले बुझेर केही निर्णय गर्नसक्छ," उहाँले भन्नुभयो, "समपूरक र विशेष अनुदान पाउने समग्र मधेस प्रदेशमा योजना तथा कार्यक्रमको सङ्ख्यामा मर्का नपर्ने गरी केही निर्णय समितिले गर्नसक्छ ।" कार्यविधिअनुसार योजना आयोगका सदस्यको संयोजकत्वमा आयोजना/कार्यक्रम छनोट समिति रहने व्यवस्था छ ।

योजना आयोगले दिएको जानकारीअनुसार सङ्घीयता लागु भएयता सङ्घीय सरकारबाट काठमाडौँ महानगरपालिकाले हालसम्म पनि यी दुवै शीर्षकको अनुदान लिएको छैन । हालसम्म पनि सङ्घीय समपूरक र विशेष अनुदान नलिने काठमाडौँ महानगरपालिका एकमात्र स्थानीय तह हो ।

**देशभरबाट साढे चार हजारभन्दा बढी प्रस्ताव :**

राष्ट्रिय योजना आयोगका अनुसार सङ्घीय समपूरक र विशेष अनुदान लिनका लागि तीन हजार छ सय ३७ वटा नयाँ र नौ सय ७७ वटा क्रमागत आयोजना/कार्यक्रमको प्रस्ताव परेका छन् । प्रदेशतर्फ ६६ र स्थानीय तहबाट तीन हजार पाँच सय ७१ नयाँ आयोजना प्रस्ताव गरिएको छ ।

समपूरक अनुदानतर्फ प्रदेशबाट ४३ वटा र स्थानीय तहबाट एक हजार सात सय ६९ वटा प्रस्ताव परेका छन् भने विशेष अनुदानतर्फ प्रदेशतर्फ २३ र स्थानीय तहतर्फ एक हजार आठ सय दुईवटा प्रस्ताव परेका छन् ।

त्यसैगरी, क्रमागत आयोजना तथा कार्यक्रमतर्फ नौ सय ७७ वटा प्रस्ताव माग भई आएकोमा विशेष अनुदानतर्फ चार सय ५२ र समपूरक अनुदानतर्फ पाँच सय २५ वटा आयोजनाका लागि बजेट माग गरिएको छ । क्रमागत आयोजना प्रदेशतर्फ ७६ र स्थानीय तहतर्फ नौ सय एक छन् ।

**उच्च माग, न्यून बजेट :**

सङ्घीय समपूरक र विशेष अनुदान लिनका लागि प्रदेश र स्थानीय तहबाट प्रस्ताव भएका योजना तथा कार्यक्रमको लागत अनुमान खर्बभन्दा माथि छ । तर, राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आवका लागि यी दुई अनुदान शीर्षकमा रु. २६ अर्ब १० करोड बराबरको मात्रै सिलिङ तोकेको छ । जसमध्ये समपूरक अनुदानतर्फ प्रदेशका लागि रु. छ अर्ब २० करोड र स्थानीय तहका लागि रु. सात अर्ब गरी कुल रु. १३ अर्ब २० करोड बराबरको सिलिङ निर्धारण भएको छ ।

त्यसैगरी, विशेष अनुदानतर्फ प्रदेशका लागि रु. चार अर्ब ४० करोड र स्थानीय तहका लागि रु. आठ अर्ब ५० करोड गरी कुल रु. १२ अर्ब ९० करोडको सिलिङ तय भएको छ । सङ्घीय अनुदान लिनका लागि माग भइआएका साढे चार हजार हाराहारी आयोजनामा खर्बौं रकम आवश्यक पर्ने भए पनि स्रोत चापका कारण सङ्घीय सरकारले भने न्यून बजेट मात्रै उपलब्ध गराउने सक्ने अवस्था छ । तोकिएको बजेट सिलिङभित्र रहेर बजेट विनियोजन गर्दा क्रमागत आयोजनालाई नै स्रोत अपुग देखिन्छ ।

**योजना छनोटका कडा मापदण्ड :**

सङ्घीय सरकारले योजना आयोगको सिफारिसमा हरेक वर्ष समपूरक र विशेष अनुदान शीर्षकमा प्रदेश र स्थानीय तहलाई बजेट छुट्याउँछ । प्रदेश र स्थानीय तहको मागका आधारमा वित्तीय हस्तान्तरणको उपकरणका रूपमा यी अनुदान उपलब्ध गराइन्छ । आवश्यक प्रक्रिया र मापदण्ड पूरा गरेका योजना तथा कार्यक्रम मात्र यस्तो अनुदान पाउनका लागि योग्य हुन्छन् । सङ्घीय समपूरक र विशेष अनुदान पाउनका लागि प्रस्ताव पेस गर्दा प्रदेशको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहको हकमा सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाबाट पेश गर्नुपर्ने प्रावधान रहेको छ । त्यस्तै, विद्युतीय प्रणाली (अनलाइन) बाट आएका प्रस्तावलाई मात्रै आयोगले स्वीकार गर्ने गरेको छ ।

अनुदानका लागि प्रस्ताव गरिएका योजना तथा कार्यक्रमले निश्चित प्रक्रिया पूरा गर्नुपर्छ । आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर), वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए), लागत अनुमान, आयोजना सम्पन्न हुने अवधिलगायतका विवरण अनिवार्यरूपमा प्रस्तावसँगै पेस गर्नुपर्ने पनि आयोगले जनाएको छ । सम्बन्धित पालिकाको कार्यपालिकाबाट स्वीकृत गराएर मात्रै त्यस्तो योजना तथा कार्यक्रमका लागि बजेट माग गर्नुपर्ने व्यवस्था पनि कार्यविधिमा रहेको छ ।

समपूरक अनुदान पाउने योजना तथा कार्यक्रमका लागि कुल लागतको ५० प्रतिशत सम्बन्धित स्थानीय तह वा प्रदेशले व्यहोर्छ भने ५० प्रतिशत रकम सङ्घीय सरकारले उपलब्ध गराउँछ । यस्तो अनुदानबाट खर्च ब्यहोर्ने योजना तथा कार्यक्रम तीन वर्षभित्र सम्पन्न गरिसक्नुपर्छ । तीन वर्षभन्दा बढी समय लाग्ने बहुवर्षे आयोजनाहरूका लागि यो शीर्षकअन्तर्गत बजेट जाँदैन ।

प्रदेश सरकार र स्थानीय तहले यी शीर्षकमा अनुदान पाउने र खर्च गर्न पाउने रकमको सीमा पनि तोकिएको छ । समपूरक अनुदान दिनका लागि गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको कुल लागत अनुमान न्यूनतम रु. एक करोडदेखि अधिकतम रु. १० करोडसम्म रहेको छ । त्यस्तै, उपमहानगर र महानगरपालिकाबाट कार्यान्वयन गरिने समपूरक अनुदानका कार्यक्रमले लागत न्यूनतम रु. पाँच करोडदेखि अधिकतम रु. २५ करोडसम्म रहेको छ । प्रदेश सरकारबाट कार्यान्वयन हुने समपूरक अनुदानअन्तर्गतका योजना तथा कार्यक्रमका लागि कुल लागत अनुमान रु. २० करोडदेखि रु. एक अर्बसम्म हुनुपर्दछ ।

विशेष अनुदानअन्तर्गतका योजना तथा कार्यक्रमका लागि भने प्रदेशको हकमा कम्तीमा रु. १० करोड र स्थानीय तहको हकमा कम्तीमा रु. ५० लाखदेखि बढीमा १० करोडसम्मको सीमा तोकिएको छ । क्षेत्रगतरूपमा पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाका लागि समपूरक अनुदान दिने गरिन्छ । विशेष अनुदानका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, समावेशीकरण तथा मूल प्रवाहीकरण, तहगत सन्तुलन, खाद्य सुरक्षा तथा पोषण, फोहरमैला व्यवस्थापनजस्ता क्षेत्रसँग सम्बन्धित आयोजनाहरू पर्दछन् । **रासस**

# समयअगावै यसरी 'ब्रेक थ्रु' भयो सुनकोसी मरिणको सुरुङ

- रमेश लम्साल

काठमाडौँ । तराई-मधेसमा १२ महिना नै सिँचाइ सुविधा पुर्‍याउने लक्ष्यका साथ सुरु गरिएको सुनकोसी मरिण डाइभर्सन आयोजनाको सुरुङ निर्माण सम्पन्न भएको छ । बुधबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले स्वीच थिच्नु भएपछि सुरुङ छिचोलिएको हो ।

सुनकोसी मरिण डाइभर्सन आयोजनाका प्रमुख मित्र बरालका अनुसार कुल १३ दशमलव तीन किलोमिटर लामो सुरुङ छिचोलिए पनि त्यसलाई पानी बहाउन मिल्ने बनाउन अझै एकदेखि डेढ वर्ष समय लाग्नेछ ।

सिन्धुलीको सुनकोसी गाउँपालिका-७ कानढुङ्गी नजिकै विशेष समारोहको आयोजना गरिएको हो । समारोहमा प्रधानमन्त्री दाहाल, ऊर्जामन्त्री बस्नेत, दुवै जिल्लामा जनप्रतिनिधि, उच्च सरकारी अधिकारीका साथै यहाँस्थित कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिको सहभागिता थियो ।

सिन्धुली र रामेछाप जिल्लाको सिमाना भएर बग्ने सुनकोसीको करिब ६७ क्युसेक पानीलाई सुरुङमार्फत सिन्धुलीको कमलामाई नगरपालिका-२ कुसुमटारस्थित मरिण खोलामा खसालिनेछ । त्यसपछि बागमती सिँचाइ आयोजनाको पूर्वाधार प्रयोग गरेर धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बाराको करिब एक लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ गर्ने लक्ष्य राखिएको छ । यस्तै सो आयोजनाबाट ३१ मेगावाट बिजुली उत्पादन हुनेछ ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्री बस्नेतले आयोजना प्रमुखलगायत अधिकारीलाई आयोजना स्थल नछाड्न, स्थानीयस्तरमा नै समस्या समाधान गर्न स्पष्ट निर्देशन दिएका कारण सुरुङ निर्माणमा उल्लेख्य सफलता हासिल भएको हो । उहाँले निर्माण व्यवसायी परिचालनमा विशेष ध्यान दिन तथा आवश्यक सहजीकरण गरी हरेक १५ दिनमा जलस्रोत तथा सिँचाइ विभागमा प्रगति विवरण उपलब्ध गराउनसमेत निर्देशन दिनुभएको थियो । यस्तै, हरेक एक महिनामा आयोजनाको समग्र प्रगति विवरण प्रस्तुत गर्न मन्त्री बस्नेतले दिएको निर्देशनअनुसार आयोजनाको प्रगति प्रभावकारीरूपमा अगाडि बढेको हो । प्रधानमन्त्री दाहालले नियमितरूपमा आयोजनाबारे चासो राख्दै आउनुभएको थियो ।

प्रविधिले साथ दियो र काम गराउने मानिस राज्यप्रति इमानदार भयो भने जुनसुकै आयोजनाले पनि अपेक्षित सफलता पाउन सक्छ । त्यसैको उदाहरण बन्न सफल भएको छ, सो आयोजना । मुलुकका अधिकांश राष्ट्रिय गौरवका परियोजनामा समय र लागत दुवै बढिरहेका बेला एउटा आयोजनाले भने यतिबेला धेरैको ध्यानाकृष्ट गरेको छ । नेपालमा यो गतिमा पनि काम हुनसक्छ र भन्दै अधिकांशले आश्चर्य प्रकट गरेका छन् । आयोजनाको निर्माणमा देखिएको सकारात्मक प्रभाव अन्य आयोजनामा समेत पर्ने भन्दै खुसी व्यक्त गर्नेहरू पनि उत्तिकै छन् ।

सुरुङ खन्दै जाँदा चुरे र महाभारत पर्वत श्रृङ्खलाका बिचमा समस्या देखिँदा केही दिन प्रभावित भएको काम त्यसको समाधानसँगै नियमितरूपमा अगाडि बढेको आयोजना प्रमुख बरालको भनाइ छ । उहाँका अनुसार विसं २०७९ साल असोज २८ गतेदेखि निर्माण सुरू गरिएको सो आयोजनामा कुल १३ दशमलव तीन किलोमिटर लामो सुरुङ निर्माण भएको हो । करिब दुई वर्षमा सम्पन्न गर्ने लक्ष्य राखिएको भए पनि १९ महिनामा नै सुरुङ छिचोलिएको हो । सिन्धुलीको कमलामाई नगरपालिका २ कुसुमटारबाट टनेल बोरिङ मेसिन (टीबीएम) ले सुरुङ खन्न थालेको थियो । बुधबार टीबीएम सुनकोसी नदी किनारमा निस्केको छ ।

नेपालका विद्युत् तथा अन्य सिँचाइका आयोजनामा सुरुङ निर्माण भए पनि सो आयोजनामा टीबीएम प्रयोग गरेर खनिएको हो । यसअघि भेरी-बबई डाइभर्सन आयोजनामा पनि टीबीएमको प्रयोग गरिएको थियो । पहाडी भूभाग बढी भएको नेपालमा सुरुङ खन्न अब टीबीएम प्रभावकारी उपकरणका रूपमा स्थापित भएको छ । यसबाट अन्य आयोजनामा समेत सोही प्रकृतिको मेसिन प्रयोग गर्न सकिने वातावरण बन्दै गएको देखिन्छ । आयोजनाको सुरुङ निर्माणमा अपेक्षितभन्दा बढी प्रगति भए पनि अन्य काममा भने सोहीअनुसार हुनसकेको छैन । निर्माण व्यवसायीको कमजोर कार्यसम्पादन त्यसको खास कारण बनेको भन्दै आलोचना हुने गरेको छ । हाल आयोजनाको 'कफर ड्याम' निर्माण भइरहेको छ ।

निर्माण व्यवसायीले काम गरिरहेको भए पनि बाँध निर्माणमा अपेक्षित प्रगति हुननसक्दा भेरी-बबईको परिणति दोहोरिने त होइन भन्ने चिन्ता यहाँ पनि छ । अहिले आयोजनाको अर्को महत्त्वपूर्ण विद्युत्गृह र प्रसारणलाइन निर्माणका लागि आवश्यक तयारी भइरहेको छ । प्रसारणलाइनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन सकिएको छ । यस्तै हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकलतर्फको काम पनि अगाडि बढाउन लागिएको आयोजनाले जनाएको छ ।

भेरी-बबई आयोजनामा पनि दुई वर्ष पहिल्यै सुरुङ निर्माण सम्पन्न भए पनि बाँधस्थल र विद्युत्गृह निर्माण सकिएको छैन । ती काम कहिले सकिन्छ भन्नसक्ने अवस्थामा आयोजनाका सम्बद्ध अधिकारी छैनन् । यद्यपि, आयोजनाको अन्य कामलाई गति दिन मन्त्रालयले आयोजनाका सम्बद्ध अधिकारी र निर्माण व्यवसायीलाई स्पष्ट निर्देशन दिइसकेको छ । प्रधानमन्त्री दाहालले बुधबार पनि सम्बद्ध पक्षको बैठक राखेर अन्य कामलाई गतिदिन निर्देशन दिनुभएको छ ।

सुनकोसी मरिण डाइभर्सन आयोजनाबाट हाल सञ्चालनमा रहेको बीपी राजमार्गको केही भाग प्रभावित हुनेछ । हाल सञ्चालनमा रहेको राजमार्गलाई नौ सय मिटर डाइभर्सन गर्नुपर्ने हुन्छ । बाँध तथा विद्युत् गृह निर्माणको लागि भारतीय कम्पनी पटेल इन्जिनियरिङ र नेपाली कम्पनी रमण कन्स्ट्रक्सनको संयुक्त उपक्रमले ठेक्का पाएको छ । यस्तै, विद्युत्गृह निर्माण हुने स्थानमा मुआब्जा वितरण सम्पन्न भइसकेको छ । राष्ट्रिय गौरवका आयोजना भएकोले स्रोतको कुनै अभाव नहुने प्रधानमन्त्री र ऊर्जामन्त्रीको प्रतिबद्धता भएकोले आफूहरूलाई काम गर्न सहज भएको आयोजना प्रमुख बरालको टिप्पणी छ ।

यसअघि सुरुङ निर्माणमा भौगर्भिकरूपमा रहेको जटिलताका कारण तीन पटक समस्या देखिएको थियो । आयोजनाको सुरुङ निर्माण चिनियाँ कम्पनी चाइना ओभरसिज इन्जिनियरिङले गरेको हो । बाँध निर्माण भने नेपालको रमण समूहसँग भारतीय कम्पनी पटेल इन्जिनियरिङको संयुक्त उपक्रमले जिम्मा पाएको छ । बाँध र विद्युत्गृह निर्माणमा केही ढिलाइ भए पनि तोकिएको समयभित्रै पूरा गर्ने निर्माण व्यवसायीको भनाइ छ । आगामी विसं २०८४ को असोजमा सो आयोजना पूर्णरूपमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । भेरी बबई डाइभर्सन आयोजनामा सुरुङ निर्माण सम्पन्न भएको लामो समय भए पनि बाँध र विद्युत्गृह निर्माणले गति नलिँदा देखिएको व्यवधान सुनकोसी मरिणमा आउन नदिन सरकार उत्तिकै चनाखो देखिएको छ ।

सो आयोजना सम्पन्न भएपछि अन्न भण्डारको रूपमा रहेको मध्य तराईका पाँच जिल्लामा वर्षभरि नै सिँचाइ सुविधा उपलब्ध हुनेछ । त्यसले खाद्य उपज उत्पादनमा गुणात्मक बदलाव आउने सरकारको विश्वास छ । आर्थिक वर्ष २०६८/६९ मा भेरी-बबई डाइभर्सन आयोजनामा टनेल बोरिङ मेसिन (टीबीएम) प्रयोग गर्ने प्रसङ्ग ल्याउँदा धेरैले असम्भव प्रयासको संज्ञा दिएका थिए । नीति निर्माता तथा आयोजनासम्बद्ध अधिकारी नै विश्वस्त थिएनन् । लगानी बढी लाग्ला, प्राविधिक नपाइएला आदि इत्यादि शङ्का गर्ने पनि उत्तिकै थिए । संसारका धेरै देशमा प्रयोग भइसकेको प्रविधि भित्र्याउन ठूलै मेहनत गर्नुपरेको सम्बद्ध अधिकारीको भनाइ छ । असम्भव ठानिएको काम नै भेरी बबईमा सम्भव देखिएपछि सुनकोसी मरिणमा पनि टीबीएमको प्रयोग गरिएको हो । 'ड्रिलिङ एन्ड ब्लास्ट' प्रणालीबाट मात्रै सुरुङ खन्ने गरिएकोमा टीबीएमको प्रयोग नेपालका लागि नौलो प्रविधि थियो । भेरी-बबईमा डेढ वर्षमा नै सुरुङ निर्माण सम्पन्न भएपछि अन्य आयोजनामा समेत टीबीएमको प्रयोग गर्नेबारेमा प्रक्रिया अगाडि बढाइएको छ । दूधकोसी अर्धजलाशययुक्त आयोजनाको सुरुङमा समेत टीबीएमको प्रयोग गर्नेबारेमा प्रारम्भिक छलफल भएको छ । **रासस**

# व्यक्तिको भित्री वा बाहिरी व्यक्तित्व

**- एक अभिभावक**

अङ्ग्रेजी शब्द एम्प्लिफाई (Amplify) शब्दको अर्थ लामो र विस्तृतरूपमा व्याख्या गर्नु हो अर्थात् सङ्क्षिप्त गर्नुको ठीक उल्टो । 'टल्केको सबै वस्तु हीरा होइन', 'कोरीको जिउ प्यारो' र 'नराम्रोको धेरै श्रृङ्गार' जस्ता उखान र वाक्यांशलाई राम्रोसँग स्पष्ट व्याख्या गर्नुपर्छ ।

'जसको सिङ छैन उसैको नाम तिखे' र 'नपाउनेले के पायो बोक्रासमेत खायो' आदि उखान टुक्का र वाक्यांशलाई समय र परिस्थितिअनुसारको व्याख्या र विश्लेषण गर्ने कला नै 'एम्प्लिफाई' वा विश्लेषण हो ।

प्रवेशिका उत्तीर्ण गाऱ्हो हुने कुनै विद्यार्थी परीक्षाफलमा आफ्नो नाम आएपछि 'उसको खुट्टा भुइँमा हुन्न' भनेजस्तै आर्थिकरूपले कमजोर व्यक्तिलाई चिट्ठा परे खुसीको सीमा हुन्न; उनीहरू मूर्छासमेत हुने गरेको समाचार सुन्न पाइन्छ । गरिबीको कारण जातपात, वर्ण र रूपमा खोट भएर वा मुहारको रङ्ग र बान्कीमा आकर्षण नभएका केटा वा केटीको अवस्थामा कसैले फुर्क्याउनलाई 'तिम्रो रूप देखेर सबै केटी वा केटा मोहित हुन्छन्', 'तिमी त भाग्यमानी रहेछौ' भनेको सुनेपछि तिनको मुहार एकछिन दर्शकले उज्यालो भएको देख्नेछन् । तर, तिनीहरूको मुख मण्डलको बनावट, रङ्ग र बान्कीमा कुनै परिवर्तन आउँदैन । जब उसले केटीको चस्मा मोटो भएकैले मन पराएको कुरा जाहेर गर्छ तब सुन्ने व्यक्तिलाई थाहा हुन्छ कि भनिएकी केटीको आँखा साह्रै कमजोर छ र केही वर्षपछि आँखामा समस्या आउनेछ ।

त्यसकारण, कुनै व्यक्तिको मन पराउनु र मन नपराउनुमा कुनै वैज्ञानिक आधार हुँदैन वा उसको अज्ञानताले खोट वा कमजोरीलाई समेत मन पराउनुको आधार मानिएको हुन्छ । कपालको स्टाइल र चुल्ठोको श्रृङ्गार हेरेर पनि मन पराउनेहरू छन् । लुगा र लुगा लगाई मन पराउनेहरू त्यसबेला अन्योलमा पर्छन् - जब उसको भित्री गुणहरू वा व्यक्तित्व साह्रै कमजोर छ भन्ने थाहा पाउँछ । यसले उसको भाषा साह्रै खस्रो, शील स्वभाव साह्रै अशिष्ट र छुच्चो छ भन्ने थाहा हुन्छ ।

सम्भवतः कुनै कार्यालय वा विद्यालयले योग्य कर्मचारी वा शिक्षकबारे विज्ञापनबाट उम्मेदवार छान्दा 'भाइबा' अर्थात् मौखिक परीक्षामा विभिन्न कारणले असफल हुने सम्भावना छ । लेखेर परीक्षा उत्तीर्ण हुने तर कानले कम सुन्ने वा भकभके आदि स्वर वा बोल्न नसक्ने भयो भने कार्यालय वा विद्यालयको कक्षामा विद्यार्थीहरूलाई सम्झाउन वा बुझाउन बाधा पर्ने भएर त्यस्ता व्यक्ति छनोटमा नपर्नु अस्वाभाविक होइन ।

त्यस्तै, 'सदाचार' (अभिवादन नगर्ने, नसोधिकन आफ्नो स्थानमा बस्ने वा उचित शिष्टता) नदेखाउने व्यक्ति छनोटमा नआउन सक्छ ।

छनोट भएका व्यक्तिहरूको निम्ति ५/६ महिना परीक्षणकाल पनि निश्चित गरिएको हुन्छ । समयमा नपुग्ने, तोकिएको समय कार्यालयमा आफूलाई दिएको स्थानमा नबसी घर जाने, आफूभन्दा माथिका कर्मचारी वा शिक्षकहरूलाई उचित आदरको भाव नदेखाउने, मुख अँध्यारो पारी असन्तुष्ट भएको भावले प्रश्न-उत्तर गर्ने र दिएको वा तोकेको काम नगर्ने तथा आफूभन्दा माथिल्लो पदका वा प्रमुखसँग शिष्टतापूर्वक आफ्नो कार्यको आग्रह नगरी आफ्नै ठाउँमा दिनभरि उकुसमुकुस अवस्थामा बस्ने, उसको उचित व्यवहार नदेखेमा सम्झाइबुझाइ पछि पनि नसुध्रेमा उसको नोकरीको अवधि नथपिने सम्भावना धेरै हुनेछ ।

लुगा लगाई र कार्यालयमा चमेनाको समयमा भोजन गर्ने बेला अरुलाई अप्ठ्यारो हुने गरी आवाज आउने गरी खाने, पिउने र चपाउने गर्दा उसलाई सम्झाउँदा पनि आफ्नो बानीमा सुधार नगर्दा नोकरीको अवधि नथपिने सम्भावना बढी हुन्छ ।

त्यस्तै, दिइएको पोशाक (ड्रेस कोड) लगाउनु आवश्यक हुन्छ । आफ्ना हाकिम व्यस्त भएको समयमा तल्लो कर्मचारी नसोधिकन वा स्वीकृति नलिई कार्यालयबाट घर जानु अशोभनीय हुन्छ र त्यो अनुशासन उल्लङ्घन भएको सम्झिनेछ ।

अतः विद्यार्थी कालमै आफ्नै अभिभावक वा विद्यालयका शिक्षकहरूबाट जानकारी प्राप्त गरेमा नोकरीको प्रतिस्पर्धामा वा आफ्नो कार्यालयमा काम सरलतापूर्वक बिनाबाधा व्यवधान सफल हुनेछ । व्यक्तिको भित्री वा बाहिरी मिलनसार, चालचलन, स्वभाव र गुणलाई नै उसको व्यक्तित्वको रूपमा लिने गरिन्छ ।

सिद्धि गणेश कर्नर
हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।
संस्थाको ऋण सुविधा उपयोग गरौं ।
नव उद्यम ऋण
वार्षिक १०% ब्याजदरमा
♦स्वदेशमै नयाँ व्यवसाय सुरु गर्न ।
♦हाल अधिकतम रू. पचीस लाखसम्मको लगानी ।





वार्षिक १३% ब्याजदरमा
घरजग्गा खरिद ऋण
♦स्थायी बसोबास र आवश्यकता पूर्ति गर्न घर जग्गा खरीदको लागि ।
♦हाललाई अधिकतम रू. एक करोड पचास लाखसम्मको लगानी ।
व्यवसायिक ऋण
वार्षिक १२% ब्याजदरमा



♦आफ्नो व्यवसायको क्षमता वृद्धि गर्न ।
♦हाल अधिकतम रू. दुई करोडसम्मको लगानी
*सर्तहरू लागु हुनेछ ।
व्यवस्थापक
'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
चोर्चा-७, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्रयातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

# मार्क्स संसारका श्रमजीवी जनताको हित चाहने महान् गुरु

कैलाली, २७ वैशाख । लम्कीचुहा नपा वडा नं ४ कौवापुरमा कार्ल मार्क्सको २०६ औँ जन्मजयन्तीको अवसरमा अध्ययन गोष्ठी कार्यक्रम गरियो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी कैलालीका अध्यक्ष रमेशकुमार रावलले कामदार जनताको पक्षमा नीति र नियम बनाई समाजवादी व्यवस्था उहाँले मार्क्सवादी सिद्धान्तअनुसार नेपाल मजदुर किसान पार्टीले राजनीति गरिरहेको धारणा राख्नुभयो ।

नेपाल मजदुर किसान पार्टी कैलालीका सदस्य पदम सलामी र नगर समितिका सदस्य सुष्मा कामीले नेमकिपा नेपालको देशभक्त र क्रान्तिकारी पार्टी हो भन्नुभयो ।

मार्क्सको जीवनी अध्ययनबाट कार्यकर्ताहरूलाई राजनीतिमा लाग्न प्रेरणा मिलेको बताउनुभयो ।

पार्टी कार्यकर्ताको सक्रियताले नै समाजवादी व्यवस्था स्थापना हुने विश्वास व्यक्त गर्दै उहाँले खराब व्यवस्थाका कारण जनताले दुःख पाएको हो भन्नुभयो । नेमकिपा कैलालीका सदस्य हरिकला



ल्याउन सकिन्छ भनी प्रमाणित गर्ने दार्शनिक मार्क्स भएको बताउनुभयो ।

नेपालका कम्युनिस्ट भनिने दलले जनतालाई धोका दिएको उल्लेख गर्दै उहाँले धेरै पटक सरकारमा गएर पनि शिक्षा, स्वास्थ्य, रोजगार, काम-मामको ग्यारेन्टी नगर्ने यिनीहरू कम्युनिस्टभित्रका संशोधनवादी हुन् भन्नुभयो । उहाँले कामदार जनताको शासन व्यवस्था नआउञ्जेल सङ्घर्ष गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सहसचिव लक्ष्मी पुनले मार्क्स संसारका श्रमजीवी जनताको हित चाहने महान् गुरु हुनुहुन्थ्यो भन्नुभयो ।

त्यस्तै नेपाल क्रान्तिकारी महिला सङ्घ लम्कीचुहा नपा वडा नं ५ एकाइ समिति तिलकपुरको आयोजनामा २०६ औँ मार्क्स जयन्ती कार्यक्रम मनाइयो ।

कार्यक्रममा नेमकिपा कैलालीका अध्यक्ष रमेशकुमार रावलले राजनीति वर्गीय हुने बाटो मार्क्सले देखाएको बताउनुभयो । मार्क्स सर्वहारावर्गका महान् गुरु भएको प्रस्ट पार्दै उहाँले मार्क्सवादी सिद्धान्त भनेको समाजवादी व्यवस्था हो; समाजवादी व्यवस्थाबिना कामदार जनताको हित नहुने स्पष्ट पार्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सहसचिव लक्ष्मी पुनले विष्टले निमुखा, गरिब जनतालाई मार्क्सवादले मुक्ति दिने बताउनुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका कैलाली उपाध्यक्ष रत्नादेवी रावलले मार्क्स विश्वविद्यालयमा प्राध्यापक बन्न चाहनुहुन्थ्यो, बन्न नदिइएपछि पत्रकार बनेर आफ्नो विचार संसारभर फैलाएको प्रस्ट पार्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका कैलाली सहसचिव भीमबहादुर बडुवाल, नेपाल क्रान्तिकारी युवा सङ्घ कैलालीका सदस्य अमृता भुलले पनि बोल्नुभएको थियो । बिमला भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा वसन्ती पुनमगरले पनि बोल्नुभएको थियो ।

# वागीश्वरीका पत्रकारिताका विद्यार्थीहरू विज्ञापन बोर्ड र आनमा

भक्तपुर, २७ वैशाख । वागीश्वरी कलेजले बीए तेस्रो वर्षमा पत्रकारिता तथा आमसञ्चार मुख्य विषय लिई अध्ययनरत विद्यार्थीहरूलाई बिहीबार विज्ञापन बोर्ड र नेपाल विज्ञापन सङ्घ (आन) मा अध्ययन भ्रमण गराएको छ ।

पाठ्यक्रममा रहेको जनसम्पर्क तथा विज्ञापन विषयअनुसार विद्यार्थीहरूलाई विज्ञापनसम्बन्धी कानुनी तथा नैतिक ज्ञान दिन भ्रमणमा लगिएको विषय शिक्षक पूर्णभक्त दुवालले जानकारी दिनुभयो ।

भ्रमणको क्रममा विद्यार्थीले विज्ञापन बोर्डको कार्यक्षेत्र, विज्ञापन बोर्डको गठन र संरचना, विज्ञापन बजारको समस्या र चुनौती, नियमावली, विशेषता र अधिकारका बारेमा जानकारी हासिल गरेको शिक्षक दुवालले बताउनुभयो ।


***जतातत्तै...***

छ तर सरकारमा गएका नेताहरू मौन छन् ।

वैशाख २८ गतेबाट सुरु संसद्को अधिवेशनका बैठकहरू शासक दलहरूको स्वार्थ नमिल्दा चल्ने सम्भावना कम छ । नेकाले सहकारीको बचत ठगीमा परेका गृहमन्त्री रवि लामिछानेविरुद्ध संसदीय छानबिन समिति गठन गर्नुपर्ने अडान राखेको छ भने गृहमन्त्री लामिछानेले भृकुटी मण्डपको जग्गा बहाल र स्काउटको जग्गा बहालमा करोडौं भ्रष्टाचार गरेका नेकाका सांसदहरू संसदमा आउने अनि आफ्नोविरुद्ध संसदीय छानबिन गठन गर्नुपर्ने नेकाको माग स्वीकार नगर्ने दोहोऱ्याउँदै छन् ।

सभामुखले कुनै एक दुई दलका प्रतिनिधिलाई संसद्मा बोल्न दिने र बाँकीलाई बोल्न नदिने पक्षपातपूर्ण काम गर्न नहुने सिंहदरबार परिसरमा चर्चा चलिरहेको छ ।

हार्दिक समवेदना



जन्मः २००९/१२/२०
निधनः २०८०/०६/२०
भक्तपुर जिल्ला भ.न.पा. वडा नं. ७ गोलमढी टोल बस्ने यस संस्थाका सदस्यता नं. **११५०५** का सदस्य **नक्कली श्रेष्ठ**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-७, चोर्चा, भक्तपुर

# राष्ट्रिय परीक्षा बोर्डको उत्तरपुस्तिकासहित चार पक्राउ

काठमाडौँ, २७ वैशाख (रासस) । जिल्ला प्रहरी परिसर काठमाडौँको टोलीले राष्ट्रिय परीक्षा बोर्डको उत्तरपुस्तिकासहित चार जनालाई पक्राउ गरी बिहीबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा काठमाडौँ महानगरपालिका-६ सरस्वतीनगर कपन बस्ने ३८ वर्षीय माधव त्रिपाठी, दक्षिणकाली नगरपालिका-८ बस्ने १९ वर्षीय सविन पौडेल, कागेश्वरी मनोहरा बस्ने २० वर्षीय सितेशकुमार यादव र काठमाडौँ थली बस्ने २३ वर्षीय रोशन रानाभाट रहेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "हिजो बुधबार बिहान ८ बजेदेखि १० बजेसम्मको चलेको कक्षा १२ को कम्प्युटर साइन्सको परीक्षा अगाडि नै प्रश्नपत्र सार्वजनिक गरी काठमाडौँ महानगरपालिका-६ स्थित वेलकम पार्टी प्यालेसको हलमा राष्ट्रिय परीक्षा बोर्डबाट जारी भएको मुल उत्तरपुस्तिकामा उत्तर हल गरिरहेको अवस्थामा उनीहरुलाई पक्राउ गरिएको हो ।" पक्राउ परेका विरुद्ध शिक्षा ऐन २०२८ बमोजिम जिल्ला प्रहरी परिसरबाट थप अनुसन्धान भइरहेको प्रवक्ता नवराज अधिकारीले बताउनुभयो ।

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा